## बजेट वक्तव्य

सन्दकपुर गाउँपालिकाको यस गरिमामय दोस्रो गाउँसभाको सत्रौँ अधिवेशनका
सभाध्यक्ष महोदय,
यस गाउँसभाका सदस्य ज्यूहरु,
उपस्थित सम्पूर्ण अतिथि गणहरु,

सन्दकपुर गाउँपालिकाको यस सार्वभौसत्ता सम्पन्न नेपाली जनताको अभूतपूर्व, अपूरणीय, महान त्याग तपस्या र बलिदानबाट स्थापित संघीय लोकतन्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई अंगिकार गरेको नेपालको संविधान अनुसार गठन भएका तीन तहका सरकारहरु मध्ये यस सन्दकपुर गाउँपालिका पनि एक सार्वभौसत्ता सम्पन्न स्थानीय सरकार हो। संघिय व्यवस्थाको यो दास्रो स्थानीय सरकारले आर्थिक वर्ष २०८२।०८३ को बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्न जनता र सरोकारवाला पक्ष सबैसँग व्यापक छलफल, विश्लेषण र निर्णय गरि सन्दकपुर गाउँपालिकाको वस्तुगत अवस्थालाई नजिकबाट मुल्याङ्कन गर्दै सम्भव भएसम्मको प्रयासबाट जनताको इच्छा, चाहना अनुसार गरिएको छ।

सर्वप्रथम म ज्ञात अज्ञात महान सहिदहरु प्रति हार्दिक श्रदाञ्जली व्यक्त गर्दै सादर नमन सम्मान प्रकट गर्न चाहान्छु जसले आज हामीलाई यो नेपाल बनाउने सुर्वण अवसर दिलाएर सहादत प्राप्त गरे। सबै सदस्य ज्यूहरुलाई आजका दिन सम्मको कार्यकाललाई अत्याधिक रुपमा जनताको विकास प्रतिको उत्कृट चाहानालाई पुरा गर्दै यहाँ सम्म सफलताका साथ आउन सफल भएकोमाहार्दिक बधाई तथा आगामी कार्यकालको सफल कार्यकालको शुभकामाना व्यक्त गर्न चाहान्छु साथै सहयोग गर्नुहने सवै कर्मचारी र स्थानीय जनता सवैलाई धन्यवाद ज्ञापन गर्न चाहान्छु।

अव म यस सन्दकपुर गाउँपालिकाको आ.व.२०८२।०८३ को नीति बजेट तथा कार्यक्रमलाई यस सम्मानित सभामा सभाध्यक्षको आज्ञानुसार प्रस्तुत गर्न चाहान्छु।

## खण्ड १

### १.परिचय र समीक्षाः

### १.१.सन्दकपुर गाउँपालिकाको संक्षिप्त परिचयः

सन्दकपुर गाउँपालिका साविकका माईमझुवा, सुलुवुङ्ग, मावु, जमुना गाविसहरु र माईपोखरी गाविसको ४ देखि ९ सम्मका वडा मिलाएर साविकका ४२ वडाहरुको जनसंख्या र भूगोललाई आधार वनाएर पाँच वटा वडामा विभाजन गरि नेपालको सुदुरपूर्वी सुन्दर इलाम जिल्लाको उत्तरी क्षेत्रमा अवस्थित प्राकृतिक,संस्कृतिक,धार्मिक एवं भौगोलिक रुपमा एक सुन्दरर धनी स्थानीय तह हो। देशमा कूल ७५३ स्थानीय तह मध्ये सन्दकपुर गाउँपालिका जनसंख्याको हिसावले १३३ औ सानो स्थानीय तह हो भने क्षेत्रफलको आधारमा ४७७औ सानोस्थानीय तह हो। यस गाउँपालिकाको केन्द्र वडा नं.१ र ३ मा पर्ने देउराली बजार मावुमोडमा अवस्थित छ। कृषि तथा पशुपालन, वैदेशिक रोजगार तथा जडिवुटि खेती यहाँका मानिसहरुको प्रमुख व्यवसाय हो। राई, लिम्वु वाम्हण, क्षेत्री, शेर्पा, सुनुवार, तामाङ्ग, गुरुङ्ग, मगर, दमाइ, कामी, भुजेल, भोटे र थामी जस्ता जातजाति यहाँ बसोवास गर्दछ।यहाँ हिन्दु किराँत वौद्ध क्रिश्चियन जस्ता धर्मवालम्भी हरु बसोवास गर्दछन। साकेला वा उधौलीउभौली, दशै, तिहार, ल्होसार, क्रिसमस जस्ता प्रमुख चाडपर्वहरु माईन्छ। मारुनी, संगीनी, बालन,हाकपारे केलाङ्ग, साकेला नाँच, हुर्रा आदी यस क्षेत्रमा पाईने साँस्कृतिक नाँचहरु हुन।उचाईको हिसावले हेर्दा यहाँको धरातलीय भूवनोट ९०० मिटर देखि ३६३६ मिटर सम्म लेकवेसी रहेको यस गाउँपालिका हावापानी, वनस्पति, जनावर तथा अन्य थुप्रै हिसावले विविधता भएको गाउँपालिका हो। प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल माईपोखरी यसै क्षेत्रमा पर्दछ।बिभिन्न लोपउन्मुख चराचुरुङ्गी, बनस्पतीहरु र जीवहरु जस्तै ठकठके, रेडपाण्डा चौरीयस क्षेत्रको थप आकर्षणको रुपमा

रहेको छ। समग्रमा सन्दकपुर गाउँपालिका, संस्कृतिक, धार्मिक एवं भौगोलिक र पर्यावरणीय तथा जैविक विविधताको रुपमा निकै धनी गाउँपालिका हो ।

**गाउँपालिकाको नामाकरणः**

यस गाउँपालिकाको नामाकरणको सम्वन्धमा अनेको किम्वदन्तीहरु छन्। स्थानीय मानिसहरुको आ– आफ्नै भनाईहरु रहेको पाइन्छ। परापूर्व कालमा ऋषिमुनीहरुले (सन्तहरुले) तपस्या गर्ने गरेको र उक्त डाडाँमा समाधी प्राप्त गरि हिउँले सन्तलाई सोही डाडाँमा पुरिएको भन्ने किम्मदन्ती रहेको छ । त्यस डाँडालाई त्यसै घटनाबाट सन्तपुर भनिएको र पछि अपभ्रंस भई सन्दकपुर नामाकरण भएको स्थानीयहरुको भनाई छ। यस सन्दकपुर डाँडा वडा न २ माईमझुवाका र वडा नं. ४ मावुको सिमानामा पर्ने समुन्द्री सतहबाट ३६३६ मीटरको उचाईमा अवस्थित छ जहाँबाट विभिन्न हिमश्रृंखलाहरुको रमणीय दृष्यहरु अवलोकन, सूर्योदय, प्राकृतिक सुन्दरता र जैविक विविधताको अवलोकनका गर्न सकिन्छ। तर्सथ प्रसिद्ध पर्यटकीय स्थलका रुपमा रहेको यस सन्दकपुर भन्ने डाँडाका नामबाट यस गाउँपालिकाको नाम राखिएको छ । नेपाल भारत सिमानामा पर्ने सन्दकपुर भारतीय पर्यटन नक्सामा सन्दकफू नामले प्रसिद्ध छ । "सन्दक्फु" लाप्चा भाषाको शब्द हो जसको अर्थ बिखमा, उच्च पहाडी भेगमा पाइने एक बहुमुल्य बहुऔषधीको गुण भएको जडिबुट्टी भन्ने हुन्छ। सोही सन्दक्फु शब्दबाट अपभ्रम्स भई सन्दपुर नामाकरण भएको अर्का थरीको भनाई पनि रहेको छ।

भौगोलिक अवस्थिति र स्वरुपः

यस गाउँपालिकाको पूर्वमा भारत दार्जिलिङ जिल्लाको सिंहलिला नेशनलपार्कसँग सिमाना जोडिएको छ भने पश्चिम, उत्तर र दक्षिणमा क्रमशः इलाम नगरपालिका, पाँचथर जिल्लाको फालेलुङ गाउँपालिका र माईजोगमाई गाउँपालिका पर्दछन्। दक्षिण पश्चिममा मेची राजमार्गको समिपमा रहेको यस गाँउपालिकाको पूर्वी भागमा निर्माणाधीन सीमा सडक समेत पर्दछ। समुद्र सतहबाट औषत ९०० देखी ३६३६ मिटरको उचाईमा फैलिएको यस गाउँपालिकामा विविध हावापानी पाइन्छ। यस सन्दकपुर गाउँपालिकाको केन्द्रीय कार्यालय २७$^{0}$ ००' ४९'' उत्तरी अक्षांश देखी ८७° ५५'४२'' पूर्वी देशान्तरमा समुद्र सतहबाट करिब २१२१ मिटरमा माईपोखरी नजीकै रहेको ऐतिहासिक देउराली बजार, मावुमोड वडा नं. ३ सुलुवुङमा रहेको छ । इलाम जिल्लाको उत्तर–पूर्वी भागमा अवस्थित यो गाउँपालिकाको माथिल्लो भूभागहरु महाभारत हिमश्रृंखलामा पर्दछ। भूवनावटको हिसावले धेरै जसो जमिन भिरालो र माथिल्लो भूभागमा ठूला ठूला चरनका फाँट र वनजङ्गल ढाकेको छ भने बेसीमा केही भूभाग टारी रहेको छ । धरातलीय र हावापानीको हिसावमा विविधता भएकाले वाहै महिना एकै नासको हावापानी यहाँ पाइदैन। हिउँदमा माथिल्लो भागमा हिमपात हुने भएकोले निकै चिसो हुने तथा दक्षिणी क्षेत्रमा न्यानो हावापानी पाइन्छ। उत्तर तर्फ रमाईला भंञ्ज्याङ्गहरु, भिराला जमिनहरु रहेका छन् भने जमुना, सुलुवङ्गको टारी, गैरीगाउँ जस्ता स्थानहरुमा फाँटिला टारहरु रहेका छन्। भौगोलिक स्वरुपमा विविधता भएकै कारण उत्तर तिर खासगरी टुण्डा कोणधारी सदावहार वनस्पतिहरु, धुपिसल्ला, लेम्चोङ, सतुवा, विखमा, पाँचऔला, हड्चुर ,पाखनबेत ,यार्चागुम्वा ,चमेली, ओखेआलु, बुढीओखती, चिङ्गफीग, खानक्पा, टिमुर ,चिराइतो ,लौठसल्ला ,विभिन्न प्रजातिका चाँप, लालीगुरासँ सुनाखरी तथा अन्य औषधीजन्य दुर्लभ वनस्पितिहरु र जडिवुट्टीहरु प्रचुर मात्रामा पाइन्छ भने दक्षिणी भागमा मूलत होचो र खोला किनार टारहरु, औषत समशितोष्ण हावापानी रहेको हुनाले चिलाउने, उतिस, मलातो जस्ता विरुवाहरुको वाहुल्यता रहेको छ। यी भूभागहरुमा किवि, सुन्तला, अलैची, चिया, नास्पती, धान खेती, दलहन खेती, पशुपालन, सब्जीखेती आदिको राम्रो सम्भावना रहेको छ । सन्दकपुर गाउँपालिकामा ६ वटा माध्यमिक विद्यालय,२० वटा आधारभुत विद्यालय गरि जम्मा २६ वटा सामुदायिक विद्यालय र ४ वटा निजी विद्यालय रहेका छन्। यस गाउँपालिकाको साक्षरता ९८।५ प्रतिशत रहेको छ। यस गाउँपालिकामा वर्थिङ्ग सेन्टर सेवा सहितका ५ वटा स्वास्थ्य चौकी र एउटा आयूर्वेद औषाधालय रहेको छ । सफा खानेपानी र शौचालयको प्रयोग करिब ९९ प्रतिशत घरधुरीमा उपलब्ध छ। ९० प्रतिशत घरमा विजुलीबत्तीको सेवा पुर्याईएको द्ध।

**क्षेत्रफल,जनसंख्या,जातिगत विवरण,परिवार संख्या र लैङ्गिक अनुपातः**

जिल्लाको कूल १७०६ वर्ग कि.मी क्षेत्रफल मध्ये १५६.०१ वर्ग कि.मी जस अन्तर्गत वडा नं. १. २८.६६ वर्ग कि.मी, वडा नं.२. ४८.९२ वर्म कि.मी, वडा नं. ३.२३.९५ वर्ग कि.मी वडा नं.४ २६.३१ वर्ग कि.मी र वडा नं. ५२८.८७ वर्ग कि.मी ओगटेको छ। पछिल्लो राजनैतिक विभाजनका आधारमा कूल ७५३ स्थानीय तहहरुमध्ये क्षेत्रफलको आधारमा यो गाउँपालिका ४७७ औ सानो

स्थानीय तह हो भने गाउँपालिकाहरु मध्ये १३३ औ सानो स्थानमा पर्दछ । इलाम जिल्लामा रहेका दशवटा स्थानीय तह मध्ये यो छैटौ स्थानमा पर्दछ । यस गाउँपालिकामा ३२५३ परिवार रहेकोमा जम्मा १५५२८ जनसंख्या र महिला ४८.१३ प्रतिशत, पुरुष ५१.८४ प्रतिशत हुदाँ लैङ्गिक अनुपात ०.९३ रहेको छ । यस गाउँपालिकामा जातजातिका आधारमा राई ३७.२३%, गुरुङ्ग २२.०२%, लिम्बु १४.०१%, ब्राम्हण ११.०६%, सुनुवार र शेर्पा ५.८२%, मगर ३.२५%, दलित २.३४%, क्षेत्री २.१३%, तामाङ्ग १.१४% र अन्य नेवार, भोटे, थकाली, थामी, दनुवार १% जनसंख्याको वितरण रहेको छ । त्यसै गरि यस स्थानिय तहमा किरात ४८.५८%, बौद्ध ३०.४५%, हिन्दु १६.८४%, खृष्टियन ४.०९% र अन्य ०.०८% धर्मवालम्वीको बसोवास रहेको छ ।

**महत्वपूर्ण पर्यटकीय गन्तव्यहरुः**

सन्दकपुर गाउँपालिका इलाम जिल्लामै धैरै र महत्वपूर्ण पर्यटकीय गन्तव्यहरु रहेको स्थानीय तह हो । यसैकारण नेपाल सरकारले पर्यटन वर्ष २०२० को एक सय गन्तव्य स्थलहरुमा यस गाउँपालिकाको माईपोखरी सन्दकपुर लाई छनौट गरेको थियो भने कोशी प्रदेश को पर्यटन संस्कृतिक ग्रामको रुपमा समेत यस अघिनै घोषण गरेको छ ।यो क्षेत्र खासगरी पर्यापर्यटनका लागि नै चर्चित छ । दृश्यावलोकन, पुतली, चराचुरुङ्गी, काडेभ्याकुर, रेडपाण्डा, थार, घोरल, बदेल, बाघभालु, ठकठके, विभिन्न जातका पुतलीहरु, भिरमौरी तथा वन्य जन्तु अवलोकन, पैदल यात्रा आदिका लागि यो क्षेत्र चर्चित रहँदै आएको छ । यस क्षेत्र विशेषरुपमा धार्मिक प्राकृतिक तथा ऐतिहासिक रमणीय स्थलहरुको लागि पूर्वमै प्रख्यात रहेको छ । यस गाउँपालिकाको पूर्वी सीमाना भारतको पर्यटकीय क्षेत्रसंग जोडिने भएकाले पनि यस क्षेत्रमा पर्यटन विकासको ठूलो सम्भावना रहेको कुरामा दुईमत छैन ।यस गाउँपालिकाको प्रमूख पर्यटकीय गन्तब्यहरु निम्नानुसार रहेका छन् ।

**सन्दकपुरः**

सन्दकपुर डाँडा परापूर्व कालमा सन्तहरुले समाधी प्राप्त गरेको पवित्र स्थान हो। सन्दकपुर गाउँपालिकाको वडा नं. २ माईमझुवा र वडा नं. ४ मावुको सिमानामा पर्ने समुन्द्री सतहबाट ३६३६ मीटरको उचाईमा अवस्थित महाभारत पर्वत र इलाम जिल्लाकै सबै भन्दा अग्लो स्थान हो । यस पर्यटकिय क्षेत्रसन्दकपुर भारतको गंगासागरसँग जोडिने पूर्वकै प्रसिद्ध पवित्र कन्काई माईको उद्गम स्थल पनिहो । इलाम र भारतको दार्जिलिङ्ग जिल्लाको सिमानामा अवस्थित सन्दकपुर डाँडो नेपाल, भारत,भुटान र चीनको हिमश्रृंखलाहरुको साठ्ठी बढी हिमालहरुकोएकै स्थानबाट अलौकिक अतिरमणीय दृष्य अवलोकन, सूर्योदय, सूर्यास्त, प्राकृतिक सुन्दरता र जैविक विविधताको अवलोकनका लागि उतकृष्ट स्थानका रुपमा परिचित रहेकोछ । विगतदेखिनै भारतिय तथा तेस्रो मुलुकका पर्यटकहरुका लागि आकर्षक गन्तव्यका रुपमा रहेको यस स्थानमा भारतीय सिमावर्ती क्षेत्रबाट पक्की सडक यातायातको सुविधा रहेको छ । यता माबु,कालपोखरी, विखे भञ्ज्याङ्ग हुँदै सन्दकपुरसम्म कच्ची सडक यातायातको सुविधा पुगिसकेको छ ।साथै माइमझुवाको बुधवारे,खोर्सानै कालापानी श्रीहाङ्गजी कालपोखरी र साविक माइमझुवा गाविसको बुधबारे, गोरुवाले भञ्ज्याङ्ग हुँदै सन्दकपुरसम्म पुग्ने मोटरबाटो पनि खोलिएको छ । सन्दकपुरमा आन्तरिक तथा बाह्य पर्यटकहरुलाई लक्षित गरी नेपाल र भारत तर्फ आधारभूत सुविधा सहितका होटलहरु सञ्चालनमा रहेकाछन् । सन्दकपुर देखि २ किलोमीटर पश्चिममा अवस्थित आहालेडाँडा पनि प्राकृतिक दृश्यावलोकनका लागि रमणीय स्थान रहेकोछ । विभिन्न पोखरी, झर्ना, धप्पर लगायतका दृश्यावलोकनका लागि उत्कृष्ट स्थलहरु समेत रहेकाछन् । यसका साथै माइमझुवा मा अवस्थित फुस्रेपोखरी अर्को रमणीय स्थलका रुपमा रहेको छ । माइमझुवामा राई तथा गुरुङ्गजातीको संस्कृति र परम्पराको समेत अवलोकन गर्न सकिन्छ । बसोबासका लागि होमस्टे तथा ग्रामीणबजार बुधबारे हटियामा सामान्य होटलहरु रहेकाछन् । छिन्तापुसम्म जानका लागि माइपोखरी हँुदै माइमझुवाको बुधबारे गोरुवालेसम्म गाडीमा गएर दुई घण्टाको पैदल मार्गको प्रयोग गर्न सकिन्छ । माइपोखरीबाट सिधै पैदल जान समेत सकिन्छ भने माइमझुवाको शेर्पेगाउँ हुँदै पनि पैदल ५ घण्टामा छिन्टापु पुग्न सकिन्छ । मेची राजमार्गमा पर्ने इलाम नगरपालिकाको बिब्ल्याँटे बजारबाट सन्दकपुर गाउँपालिका तर्फको सडक छुटिन्छ । यो सडक माईपोखरी हुँदै माईमझुवा तर्फ बढ्दछ ।

**टोड्के झरनाः**

सन्दकपुर गाउँपालिका वाड नं २ (साविकको माइमझुवा गाविसको वडा नं. ३ मा) रहेको, समुन्द्री सतहबाट १६०० मीटर उचाईमा अवस्थित टोड्के झरना ८६ मीटर अग्लो छ । माईमझुवा र मावुको सिमाना माईखोला देखि करीव ४० मीटर पश्चिममा रहेको यो झरना

ईलामकै अग्लो भरना हो। झरनाको अवलोकनका लागि सयौं आन्तरिक तथा बाह्य पर्यटकहरु वर्षेनी यहाँ आँउने गर्दछन्। जंगलका माझमा पहराका वीचबाट झर्ने यो झरनाको केही माथि समेत करिव ६० मिटर अग्लो शिवलिङ्गे झरना रहेको र झरना भन्दा तलपनि सानो झरना रहेकोले यो तीन तला जस्तो देखिने गरि झरेकोले निकै रमणीय पर्यटकीय गन्तब्यका रुपमा परिचित छ। यहाँ सम्म पुग्न गाडीको बाटो र पद मार्ग (टोड्के झरना डाँडा गाउँ टप्पु पदमार्ग करिब १७०० मि.) समेत विकास भईसकेकोले दुबै तरिकाले झरना सम्म पुग्न सकिन्छ।

**ताल पोखरीः**

यस पोखरी सन्दकपुर गाउँपालिकाको वडा नं. २ माईमझुवामा धप्पर भन्दा केही माथी पर्दछ। यहाँ बाट कञ्चनजंगाको छायाँबहुत सुन्दर मनैलोभ्याउने दृष्य देखिन्छ। याथै यस वडामा फुस्रे पोखरी लगायतका कालीका पोखरी, जौले पोखरी, गुफा पोखरीहरु पनि रहेको छ जुन अति सुन्दर रहेको छ।

**माईपोखरीः**

जिल्ला सदरमुकाम इलाम बजारबाट करीव १७ किलोमिटर उत्तरमा रहेको सन्दकपुर गाउँपालिका वडा नं १ र ३ को सीमानामा पर्ने माइपोखरी नेपालकै एक आकर्षक पर्यटकीय गन्तब्य, धार्मिक आस्थाको केन्द्र र जैविक विविधताले धनी क्षेत्रका रुपमा रहेकोछ। माइपोखरी क्षेत्र इलाम जिल्लाको पर्यटकीय पर्यायका रुपमा रहँदै आएको छ। यस क्षेत्रको प्रमुख आकर्षण गन्तव्य माइपोखरीलाई २८ अक्टोवर सन् २००८ मा विश्व रामसार सूची अन्तगत सूचिकृत गरी नेपालको नवौं र मध्यपहाडी क्षेत्रको पहिलो रामसार क्षेत्र घोषणा गरे पछि यसको विश्वव्यापी पहिचान समेत स्थापित भैसकेकोछ। नौ वटा कुनामा फैलिएको माइपोखरीलाई प्रकृतिको सुन्दर अनुपमसिर्जनाका रुपमा लिइने गरिन्छ।

माइपोखरीको नामाकरणमा 'माई' अर्थात् आमा भन्ने शव्द जोडिएकाले पनि यसको महत्व अझै स्पष्ट दर्साउँछ जसको अर्थ पोखरीहरुको पनि आमा भन्ने लाग्दछ।माईपोखरीलाई साक्षत देवीका रुपमा मानिन्छ यहाँ बलिप्रथा भने निषेध रहेकोछ। मनोकामना पूर्ण होस् भनेर भाकल गर्ने र परेवा उडाउने प्रचलन रहेकोछ। धार्मिक आस्थाको केन्द्र रहेको यस क्षेत्रका बारेमा अनगिन्ति किम्बदन्तीहरु रहेकाछन्। माइपोखरीको इतिवृत्त भन्ने पुस्तकमा टंक सुवेदीले लेख्नु भएको लेखका अनुसार मरुत राजाले यस ठाँउमा आएर नौवटा कुनामा नौवटै मन्दिर स्थापना गरि नवदुर्गाको पुजा गरी सो पुजा विसर्जन पश्चात पुजा स्थान सुरक्षित होस् भनी गंङ्गाजीको आराधना गर्दा जल उत्पन्न भएको जनश्रुति रहेकोछ। कुनै समयमा पोखरी वरिपरिका रुख विरुवाबाट पोखरीमा खसेका पातपतिङ्गरहरु चराचुरुंङ्गीहरुले टिपेर बाहिर फ्याँक्ने गरेको कुराहरु सुन्न पाइन्छ।स्थानीयको भनाई अनुसार पहिले परापूर्वकालमा पोखरीमा पञ्चैबाजा, शंखघण्ट बज्ने गरेको र हाल पनि पोखरीबाट आकस्मत अनौठो ज्योति निस्कने र तुरुन्तै लोप हुने गरेको रहस्य स्थानीयबासीहरु व्यक्त गर्दछन्। द्वापार युगको अन्त्यमा पाँच पाण्डवहरु वनबास रहनेक्रममा बराहक्षेत्र, अर्जुनधारा हुँदै माइपोखरीसम्म आई फर्किएको जनश्रुति समेत पाइन्छ। यसै गरी राजा मारुतका साथमा उनकी 'इला' नाम गरेकी छोरी पनि आएकी थिइन् र उनै 'इला' बाट यस जिल्लाको नाम नै इलाम रहन गएको हो भन्ने जनश्रुति समेत रहेकोछ। माइपोखरीलाई हिन्दु, बौद्ध र किराँत धर्मको त्रिधार्मीक स्थल र आस्थाका रुपमा लिईन्छ। साथै हिन्दुधर्मअन्तर्गतका पुरणहरुमा यस पोखरीको वारेमा व्याख्या गरेको पाइन्छ। माइपोखरी परिसरमा सत्यधुनी आश्रम, निर्मल माइआश्रम, टाँसी छोलिङ्ग गुम्बा, शिवालय, सरस्वती मन्दिर तथा भगवती मन्दिर रहेकाछन्। वैशाखे पुर्णिमा र ठुली एकादशीका दिन माइपोखरीमा विशेष पुजा अर्चना र मेला लाग्ने परम्परा रही आएकोछ। धार्मिक तथा सांस्कृतिक विविधताले धनी यस क्षेत्रका समुदायको माइपोखरी प्रतिको आस्था भने समान रहेकोछ। सवै धर्म संस्कृतिको संगम रहेको माइपोखरीले सिंगो इलामको सास्कृतिक सम्भयताको प्रतिविम्बित गर्ने कुरा सहप्राध्यापक युद्धप्रसाद बैद्यले 'माइपोखरीको इतिवृत्त' नामक पुस्तक भित्र आफ्नो लेखमा उल्लेख गर्नु भएकोछ।

९० हेक्टर मा फैलिएको यस सिमसार माईपोखरी क्षेत्र जैविक विविधताका दृष्टिले समेत उत्तिकै महत्वपूर्ण रहेकोछ। यस क्षेत्रमा ४ प्रजातीका लालीगुँरास, ३ प्रजातिका चाप, कटुस, लौठ सल्ला, भद्रासे, सल्ला, १७ प्रजातीका सुनाखरी, ६२ प्रजातीका जडिबुटी सहित ३०० प्रजातिका फुलफुल्ने र नेपालमा मात्र पाइने गलैचे झ्याउ (Peat moss) वैज्ञानिक नाम (Sphagnum Nepalense H.suzuki), लेउ, उन्यू, लगायतका वनस्पति पाइन्छन्। लोपोन्मुख पानीगोहोरो(ठकठके) (Himalayan Newt

Salamander), लोखर्के, ओत, भ्यागुत्ता, पाहा, चमेरो, मृग, सर्प लगायत १२ प्रजातीका जलचर, ६ प्रजातीका उभयचर, ३ प्रजातीका माछा, १४ प्रजातीका स्तनधारी र ३०० भन्दा बढी प्रजातीका चराचुरुङ्गीहरु रहेकाछन् ।

माईपोखरीमा खास गरी तीन थरिका पर्यटकहरु आउने गर्दछन् । पहिलो धार्मिक आस्थाका आधारमा आउने, दोस्रो यहाँको प्राकृतिक सुन्दरता र सम्पदाको अवलोकन गर्न आउने र तेश्रो यहाँको सामाजिक, आर्थिक, साँस्कृतिक, तथा वातावरणीय पक्षको अध्ययन अनुसन्धान, संरक्षण र विकासमा लागि पर्ने मानिसहरु आउने गर्दछने । इलामको उत्तरी क्षेत्र प्रवेशको लागि एउटा सजिलो मार्ग भएका कारण समेत यस क्षेत्रमा पर्यटकहरु धैरै संख्यामा वर्षै भरि आउने गर्दछन् । यातायातको सुविधाले समेत यस क्षेत्रमा आउने जाने पर्यटकहरुलाई सजिलो भएको छ । जिल्लाका  अन्य गन्तब्यहरुसँग यसको सम्पर्क र सञ्जाल बनाउन सके आगामी दिनमा यस क्षेत्रको पर्यटकीय विकासमा थप टेवा पुग्ने देखिन्छ ।

**हाँगेथामः**

सन्दकपुर गाउँपालिका वडा नं. ५ जमुनामा समुन्द्री सतहबाट करिव २१७० मिटर उचाईमा अवस्थित हाँगेथाम प्रकृतिप्रेमी, संरक्षणकर्मी र पर्यटकहरुका लागि आकर्षक गन्तव्य हो । हाँगेथाम क्षेत्र प्राकृतिक सम्पदा, जैविक विविधताले धनी आकर्षक भूपरिदृश्य, धार्मिक तथा पर्यटकीय दृष्टिले इलाम जिल्लाको उत्कृष्ट गन्तव्य पनि रहेकोछ । स्वच्छ चिसो हावापनी, छिनछिनमा परिवर्तन हुने मौसम, भुइँ कुहिरोको सेताम्य दृश्य, चराचुरुङ्गीहरुको चिरविर आवाज, घना वनजंगल र इलाम जिल्लाका अधिकांश भागका दृश्यहरु देखिने यस क्षेत्रमा पुग्ने जोकोहिको मन आनन्दित हुन्छ । विश्वमै दुर्लभ मानिएको हाब्रे (रेडपाण्डा), थार, ध्वाँसे चितुवा, कालो भालु, चरीबाघ, राजपंखी, ठकठके लगायतका वन्यजन्तु, काँडेभ्याकुर, मुनाल, चिल, पानीहाँस लगायत मौसम अनुसार टाढाटाढाबाट बसाई सरी आउने चराचुरुङ्गीहरु (Migratory Birds), र लालीगुँरास, चाँप, लौठसल्ला, सुनाखरी, चिराइतो, बान्टे, बञ्राँठ, कटुस, लगायत धैरै जडिबुटीहरु यस क्षेत्रमा पाइन्छन् । चरा अवलोकनका लागि यो क्षेत्र विश्वमै प्रसिद्ध रहेको संरक्षणका पुस्तकहरुमा पढ्न पाइन्छ । जैविक विविधता सम्बन्धी अध्ययन, अनुसन्धान र अवलोकनका लागि विभिन्न देशहरुबाट मानिसहरु यस क्षेत्रमा आउने गरेका छन् ।

हाँगेथाम क्षेत्रको धार्मिक र साँस्कृतिक महत्व पनि उत्तिकै रहेकोछ । हिन्दु, बौद्ध, र किराँत समुदायले यस क्षेत्रलाई विशेष धार्मिक आस्थाले हेर्ने गरेकाछन् । नागपुजा, ल्होसारपर्वको अवसरमा विशेष पुजाआजा र भाकल गर्ने परम्परा रहँदै आएकोछ । यस बाहेक जैविक विविधताको अध्ययन, अनुसन्धान र अवलोकन, पिकनिक, प्राकृतिक दृश्यावलोकन, स्थानीय संस्कृति, परम्परा र रहनसहनको अवलोकनका लागि आन्तरिक तथा बाह्य पर्यटकहरु यहाँ आउने गरेकाछन् । हाँगेथाम क्षेत्रमा शेर्पा, राई, गुरुङ्ग र तामाङ्ग समुदायको सानोबस्ती रहेको छ । यहाँ ग्रामीण रहनसहनको भरपुर आनन्द लिन सकिन्छ । इलाम सदरमुकाम नजीकै रहेको विब्ल्याँटे बजारबाट मोटर चढी जमुनाको हाँगेथाम पुग्न सकिन्छ । हाँगेथामबाट भारत तर्फको सिमावर्ती क्षेत्र कैयाँकट्टा, गैरीबास, जौबारी हुँदै सन्दकपुरको मनोरम दृष्यको अवलोकन गर्न जान सकिन्छ ।

**चोयाटार सामुदायिक वनः**

सन्दकपुर गाउँपालिका वडा नं. ५ जमुनामा अवस्थित चोयाटार सामुदायिक वन विश्वकै दुर्लभ वन्यजन्तु रेडपाण्डाको संरक्षण र ग्रामीण पर्यटनको प्रारम्भसँगै भर्खरै विकसित हुँदै गएको पर्यापर्यटकीय स्थल हो । स्थानीय समुदायले यस वन क्षेत्रमा रेडपाण्डाको बासस्थान संरक्षण गरी आगन्तुक आन्तरिक तथा बाह्य पर्यटकहरुको लागि रेडपाण्डा अवलोकन गर्ने व्यवस्था मिलाएकोछ ।मालिङ्गाको भण्डार रहेको यस स्थानमा स्थानीय स्तरमा होमस्टे प्रणालीको व्यवस्था छ।चोयाटार पुग्नका लागि इलाम सदरमुकाम नजीकैको विब्ल्याँटे बजारबाट सडकयातायातको माध्यमले जमुनाको बुधबारे बजार हुदै इङ्ला चोयाटार पुग्न सकिन्छ ।

**जौबारी, तुम्लिङ्ग र मेग्माः**

सन्दकपुर गाउँपालिका वडा न. ५ जमुनाको पूर्वीउत्तर भेगमा अवस्थित जौबारी सिमावर्ती व्यापारिक थलो र पर्यटकीय स्थल हो । इलाम जिल्लाका विभिन्न प्राकृतिक स्थानहरुको दृश्यावलोकन, सगरमाथा, कञ्चनजंघा लगायतका हिमश्रृंखलाहरुको दृश्यावलोकन तथा शेर्पा, भोटिया रहनसहन र संस्कृतिको अवलोकनका लागि जौबारी परिचित रहेकोछ । जौबारीबाट ४ किलोमिटर दक्षिणको भारतीय

सिमावर्ती क्षेत्रमा अर्को सानो वस्ती तुम्लिङ्ग र त्यसभन्दा २ किलोमिटर दक्षिणमा मेग्मा अवस्थित रहेकोछ । यस क्षेत्रमा सिमावर्ती ट्रेकिङ रुट (Boarder Trekking Route), नेपाल तथा भारतीय क्षेत्रको दृश्यावलोकन, सिंहलिला नेशनल पार्कको अवलोकन प्रमुख आकर्षणका रुपमा रहेकाछन् । खास गरी भारतीय भूमि हुँदै सन्दकपुर आउने भारतीय तथा तेश्रोमुलुकका पर्यटकहरु यहि मार्ग भएर जाने हुदाँ दिनहुँजसो यस क्षेत्रमा पर्यटकहरुको चहलपहल भइरहन्छ । पर्यटकहरुका लागि खान तथा बस्नको आधारभूत सुविधा सम्पन्न होटलहरु यस क्षेत्रमा रहेकाछन् । इलाम बजार विल्ल्याटे बजार सुलवुङ सापकोटा डाँडा जमुना ईङ्गलाहँदै जौवारी पुग्न सकिन्छ भने अर्को बाटोइलाम सदरमुकामबाट नयाँबजार थुम्के हुँदै वा पशुपतिनगर गोर्खे लामिधुरा हुँदै यी स्थानहरुसम्म मोटरबाटो या पैदलयात्रा गरी पुग्न सकिन्छ । जौबारीमा नेपाल सरकारको आलु विकास तथा अनुशन्धान केन्द्र रहेको छ जहाँ करिव १३६ जातिका आलुहरु उत्पादन गरी आलु उत्पादनको क्षेत्रमा राम्रो परिचय बनाएको छ ।

**माबुथामः**

सन्दकपुर गाउँपालिका वडा नं. ४ माबुमा अवस्थित माबुथाम र आसपासका क्षेत्रहरु पर्यटकीय दृष्टिले निकै रमणीय क्षेत्रका रुपमा रहेका छन् । यस क्षेत्रमा रहेको बौद्ध समुदायको साधना केन्द्र डुख्याङ गुफा, बौद्ध गुम्बा, रमिते ढुङ्गा,चमेरे गुफा, माबुथाम, बालागुरु गुफा, दोबाटे, लालबास सिमसार क्षेत्र, विश्वकै दुर्लभ वन्यजन्तु रेडपाण्डा पाइने स्थान हो । भारतीय सिमावर्ती क्षेत्र, कालपोखरी र बिखेभञ्ज्याङ्ग पर्यटकीय आकर्षणका क्षेत्रहरु हुन् । यस स्थानबाट नजीकै रहेको अर्को पर्यटकीय गन्तब्य सन्दकपुर समेत जान सकिन्छ । प्राकृतिक दृश्यावलोकन, जैविक विविधता अवलोकन तथा ग्रामीण रहनसहनको अध्ययनका लागि यो क्षेत्र महत्वपुर्ण रहेकोछ । मेची राजमार्गको विब्ल्याँटे, सुलुबुङ्ग, माइखोला, सोमबारे बजार हुँदै जीपबाट लगभग डेढ घण्टाको यात्रामा माबुथाम पुग्न सकिन्छ । यस भेगमा पर्यटकहरुका लागि सिमित संख्यामा होटल र होमस्टेहरु सञ्चालित रहेकाछन् ।

**चन्द्रपाल थेवे धाप पोखरीः**

सन्दकपुर गाउँपालिका वडा नं. ५ जमुनामा अवस्थित चन्द्रपाल थेवे धाप पोखरी प्राकृतिक रुपमा रहेको सिमासार क्षेत्रमा बाँध बाँधी बनाइएकोइलाम जिल्लाकै सबैभन्दा ठूलो मानव निर्मित जलाशय हो । यसको निर्माण २०७१ सालबाट शुरु भएको हो । यो करिब ५० रोपनी क्षेत्रफलमा फैलिएको छ । यस पोखरी वरिपरि १३ बटा पानीका मुहानहरु रहेका छन् । धैरै प्राकृतिक पर्यटकीय उपज भएको इलाममा यो मुख्य मानव निर्मित पर्यटकीय उपज हो । यो जलाशयको निर्माणसंगै हरेक नयाँ बर्षको पहिलो दिन यहाँ विशेष मनोरञ्नात्मक सांस्कृतिक मेला आयोजना गर्ने कार्यक्रम गर्न थालिएको छ । यस पोखरीमा विभिन्न प्रकारका माछा पाईनका साथै फिसिङ र डुङ्गा सयर समेत गर्ने व्यवस्था भएकोले पर्यटकको मन जित्न सफल भएको छ ।

**छिन्टाप्पुः**

करिव ३३०० मिटरको उचाईमा रहेको यस छिन्टाप्पुडाँडा पाँचथर जिल्लाको फिदिम नगरपालिकाको सिमानालाई छुने वडा नं. १ माईपोखरी र वडा नं. २ को सिमानामा पर्ने उत्तरी भेगमा पर्दछ । यस क्षेत्रमा डाँफे, रेडपाण्डा, चितुवा, घोरल, भालु बाँदेल जस्ता बहुमुल्य जनावारहरु पाउन सकिन्छ । यसका साथै यस क्षेत्र हिँउदमा सेताम्य हिउले ढाक्ने भएकोले यस क्षेत्रमा बहुमुल्य हिमाली जडिवुट्टी जस्तै विखुप्मा सतुवा, पाखानवेद, चिराईतो आदि प्रसस्त पाईन्छ । यो ईलामकै एकै ठाँउमा सवै भन्दा धैरै करिव १८ प्रजातिका लालिगुराँस पाईने क्षेत्र पनि हो । छिन्टप्पुबाट कञ्चनजंगा हिमश्रीङ्खला र १४ वटा जिल्ला एकै स्थानबाट अवलोकन गर्न सकिन्छ । यहाँ चारबटा ससाना पोखरी रहेको छ जुन अति सुन्दर छ जहाँ हिमालको प्रतिविम्बले झन मनमोहक बनाएको छ । ढुंगामा ओखल आकृतिमा पानी पलाएको अद्भूत प्राकृतिक स्थल रहेको छ यो ईलाम जिल्लाको चार माई मध्ये पवित्र खोला पुवामाई वा पुवाखोलाको उद्‌गम स्थल पनि हो । साथै माईपोखरी कै भित्ते भन्ने ठाउँमा स्याल ढाँडे गुफा करिव २५ फीट लम्बाई भएको गुफा रहको छ जहाँ प्रत्येक वर्ष शिवरात्रीको दिन ठुलो मेला लाग्ने गर्दछ ।

**माईखोला र पुवाखोलाः**

माईखोला,एक पवित्र धार्मिक तथा प्रकृतिक रुपमा रहेको सदावहार वहने महाभारत पर्वतकै उच्च स्थान सन्दकपुरबाट उत्पती भएको ईलामकै सवैभन्दा ठूलो खोला हो जसलाई झापा जिल्लामा कन्काईमाई नामले समेत चिनिन्छ ।साथै पुवाखोला,गिताङ खोला,धुवाखोला,पाहा खोला,निवा खोला,राते खोला,ईङ्ला खोला,छाँगे खोला (झरना) ,समाहा खोला, सानीमाई खोला,चमेरे

खोला,भालु खोला जस्ता दर्जनौ खोला तथा अन्य धैरै सासाना खोल्सा खोल्सीहरु रहेकोले यस गाउँपालिका इलामकै सवै भन्दा बढी पानीको स्रोत भएको गाउँपालिकाको रुपमा रहेको छ । जसले गर्दा पर्यावरणीय सन्तुलन,सिचाई,खानेपानी तथा जलविद्युत उत्पादनको लागि यो भूमीको ठलो महत्व रहेको छ ।

साथै सन्दकपुर गाउँपालिका कोशी प्रदेशकै प्रमूख गन्तव्य स्थल र संस्कृतिक ग्रामको रुपमा घोषणा भएको र संघ सरकारको एक सय गन्तव्य स्थलहरु मध्ये उत्कृष्ट दश गन्तव्य स्थलको रुपमा समेत छनौट भईसकेको हुनाले पनि यस गाउँपालिकाको महत्वलाई उजागर गर्दछ ।

समग्रमा हेर्दा पर्यटकीय स्थलहरुको उद्गम भूमि, विभिन्न किसिमको हावापानी, संस्कृति, भेषभुषा, रितिरिवाज,भाषा,जातजाति वसोवास गरेको भुमि हो भने अनेकौ जडिवुटीले भरिएको वन क्षेत्र नौ वटा जलविधुत आयोजनाको मुहान रहेको साथै अनन्त विकासका संभावनाहरुलाई थेगिरहने अवसर यस गाउँपालिकाले पाएको छ ।

## १.२. आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रमको समिक्षाः

यस सन्दकपुर गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को लागि लिएका नीतिहरु र सो नीतिका आधारमा बनेका बजेट तथा कार्यक्रमहरुको संक्षिप्त समिक्षाः

**विषयगत बजेट विवरण**

| सि.न. | क्षेत्र | विनियोजित बजेट | खर्च भएको बजेट रकम | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | आर्थिक विकास क्षेत्र | ६५२१४२८४।९६ | ४४०८७२५३।७८ | ६७।५९ | |
| २. | सामाजिक विकास क्षेत्र | १७७७२१०६५।७० | १४३६८४५४०।३४ | ८६।४८ | |
| ३. | पुर्वाधार विकास क्षेत्र | ९३८८२४४५।३४ | ८३३९५६४२।३२ | ८८।८३ | |
| ४. | वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र | २८१९२६२४।४६ | २२३७३५९८।९१ | ७९।३६ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र |
| ५. | संस्थागत विकास | | | | |
| ६. | वितिय व्यवस्थापन | | | | |
| ७. | प्रशासनिक खर्च | ७१६१८१८२।३३ | ६४२१५०६४।४८ | ८९।६६ | |
| | जम्मा | ४३६६२८६०२।७९ | ३६७७५६०९९।८३ | ८४।२२ | |

### आर्थिक विकास क्षेत्रको संक्षिप्त समिक्षाः

यस चालू आर्थिक वर्षमा आर्थिक विकास अन्तर्गत कषि, पर्यटन उद्योग जस्ता क्षेत्रमा छुटिएको रकमहरुको उल्लेखीय रुपमा राम्रो कामहरु सम्पन्न भएका छन । सवै वडाका कृषिको सम्भावना अध्ययन भईसकेको र यसका आधारमा संघ तथा प्रदेश सरकारले समेत चासोको रुपमा लिएको छ । कृषि सडकहरुको निर्माण र स्तरउन्नती भएका छन् । कृषकहरुलाई तरकारी र फलफूलको विरुवा,विउविजनहरु वितरण गरिएको छ । जनतासँग स्थानीय सरकार भन्ने कार्यक्रमबाट पकेट क्षेत्रहरुलाई प्रर्वद्धन हुने कार्यक्रमहरु भएका छन् । तरकारीको विउ, प्याजको विउ, सुन्तला एभोकाडो लगायतका फलफुलका विरुवा, च्याफ कटर, प्लाष्टिक टनेल वितरण जस्ता कृषकमूखी कार्यक्रमहरु गरिएको छ । सन्दकपुर गाउँपालिका भित्र रहेका कृषकहरुको मागलाई मध्यनजर गरि कृषि विकास

शाखाबाट नै नियमित माटो परिक्षण कार्यक्रमको सुरुवात गरिएको छ। कृषकहरुलाई विभिन्न तालिमको व्यवस्था गरी उनीहरुको आय आर्जनको दायरा बढाउने कामहरु भएका छन्। सन्दकपुर गाउँपालिकाको भौगोलिक विषमता र यहाँ रहेको उर्वर भूमीको प्रयोग बढी भन्दा बढी गर्न सके अझै धेरै कृषि उत्पादनमा वृद्धि गरी कृषकहरुको आयस्तर उकासी उनीहरुको जीवनशैलीमा विकास गर्न सकिन्छ। सहकारीसँगको लागत साझेदारीमा कृषि एम्बुलेन्सको व्यस्थापन गरिएको छ।

पशुपन्छी विकास कार्यक्रम तर्फ नियमित पशुपन्छीलाई आवश्यक पर्ने औषधीहरु वितरण गरिएको छ। नियमित खोप कार्यक्रम, नश्ल सुधार, ल्याव सेवा र महामारी रोग विरुद्धको जनचेतना कार्यक्रमहरु संचालन गरिदै आएको छ। विगतका वर्षमा महामारीको रुपमा पशुहरुमा फैलिदै आएको लम्फि स्किन रोगबाट क्षति भएका पालिका भरि रहेका पशुपालक कृषकहरुलाई राहत वितरण गरिएको छ। साथै छुर्पी प्रवर्धन कार्यक्रम अन्तर्गत लागत साझेदारिमा डेरी उपकरण वितरण र डेरी घर निर्माणका कार्यक्रम संचालन गरिएको थियो।

त्यसै गरी पर्यटनको क्षेत्रमा पर्यटन प्रर्वद्धन गर्न मुख्य मुख्य पर्यटकीय स्थानहरु सन्दकपुर,टोड्के झरना, हाँगेथाम, जौवारी, विखेभञ्ज्याङ गोरुवाले भञ्ज्याङहरुमा सडक र पदमार्ग पुर्याएको छ साथै स्तरउन्नतीका कामहरु भएका छन्। माईपोखरी नजिकैको जोरपोखरी पर्यटकिय पार्कको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। संघिय सरकार, स्विस सरकार, प्रदेश सरकार र स्थानीय सरकारको संयुक्त लगानीमा संचालित साना सिंचाई कार्यक्रमबाट सिंचाई आयोजनाहरु संचालन भईरहेको छ। नागरिकको आय आर्जन वृद्धि र उद्योग प्रर्वद्धनमा संघिय सरकार र स्थानीय तहको समन्वयमा लघु उद्यम विकास कार्यक्रमबाट विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ। गाउँपालिकाको आफ्नै तथा लघु उद्यम विकास कार्याक्रमबाट बाटिस्टा तालिम, च्याउ खेति तालिम तथा प्रविधि हस्तान्तरण गरी जनताको लागि दैनिक उपार्जन तथा व्यवसयमा सुधार ल्याउने कार्यहरु लगायतका अन्य धेरै कार्यक्रमहरु समेत सञ्चालन गरिएको छ। सहकारी क्षेत्र विभिन्न तालिम तथा कार्यक्रमहरु सञ्चालन गरिएको छ। पालिकामा भित्र रहेका निस्कृय सहकारीहरुलाई खारेजी तथा नियमनको कार्यलाई अगाडी बढाईएको छ। आर्थिक विकासको समग्रमा हेर्ने हो भने सन्तोषजनक नै प्रगति रहेको छ स्थानीय सरकारको स्थापनासँगै जनताहरुको क्रमशः जीवनस्तर उकास्ने गर्ने कायहरु गरिएका छन्।

## सामाजिक विकास क्षेत्रको संक्षिप्त समिक्षाः

सामाजिक क्षेत्र अन्तर्गत रहेका स्वास्थ्य, शिक्षा, खानेपानी जस्ता संस्कृति प्रर्वद्धन र लैङगिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा उल्लेखीय मात्रामा कार्यहरु भएका छन्।माबु स्वास्थ्य चौकी र जमुना स्वास्थ्य चौकी निर्माणाधिन अवस्थामा रहेको छ। नेपाल सरकारले ल्याएको नियमित खोपका कार्यक्रमहरु विगतमा झै उच्च प्राथमिकता र जिम्मेवारी पूर्ण ढङ्गले कार्यन्वयन गरिएको छ। जनतालाई आवश्यक पर्ने अत्यावश्यक औषधीहरुलाई कहिले पनि कमी हुन दिईएको छैन,जनताले पाउने स्वास्थ्यका सेवाहरुलाई सरल र सहज रुपमै प्रभावकारी ढंगबाट प्रदान गरिएको छ।

शिक्षाको क्षेत्रमा गाँउपालिकाले विषेश रुपमा ठूला ठूला कार्यक्रमहरु ल्याउन नसकेको कुरालाई छोड्ने हो भने अन्य सासाना व्यवस्थापकीय कुराहरु,शैक्षिक गुणस्तर सुधारका लागि नियमित पठनपाठन र विविध क्रियाकलपहरु उल्लेखनिय कार्यहरु गरेको छ। विद्यालय शिक्षा सुधारका लागि माध्यमिक विद्यालयहरुमा ई-हाजिरिको व्यवस्था गरिएको छ। विद्यायालय भवन निर्माण,मर्मत सम्भार,शौचालय निर्माण,खानेपानी र सरसफाई, कभर्ड हल तथा खेलकुद मैदान निर्माण र विद्यार्थीको सिकाई उपलब्धी वृद्धि गर्न विभिन्न समयमा शिक्षकहरुलाई तालिम तथा समितिगत वैठकहरु संचालन गरि विद्यालयको गुणस्तर सुधारमा स्थानीय सरकार लागी परेको छ।स्पष्ट नीति कानुन र पर्याप्त वजेटको अभावले गर्दा शिक्षा क्षेत्रमा उल्लेखनीय कार्यहरु गर्न सकिरहेको छैनौ तथापी प्रदेश र संघ सरकारसँग समन्वय गरी आगमी दिनहरुमा यस क्षेत्रलाई ईलाम जिल्लाकै नमुना बनाउने हाम्रो संकल्प रहेकोछ। विद्यालयको भौतिक र शैक्षिक गुणस्तरलाई क्रमशः सुधार गर्नु हाम्रो लागि ठूलो चुनौती र अवसर दुवै रहको छ। यसका लागि पर्याप्त वजेट र नियमित अनुगमन निरिक्षण साथै शिक्षक र विद्यार्थी दुवैलाई प्रोत्सहान हुने खालका कार्यक्रमहरु लिदै जानेछौ। केही विद्यालयहरुमा स्थानीय भाषा संरक्षण र सिकाई शिक्षणको लागि बजेटको व्यवस्था गरिएको छ। भौगोलिक विकटता, न्युन आर्थिक स्रोत र घट्दो जनसंख्याको कारण

विद्यालयहरुमा विद्यार्थीको संख्या न्युन रहेको साथै शिक्षक दरबन्दि समेत अपुग रहेकोले शिक्षाको क्षेत्रमा सोचे अनुरुप प्रगति हासिल गर्न सकिएको छैन् ।

खानेपानी र सरसफाईको क्षेत्रलाई यस सन्दकपुर स्थानीय सरकारले विषेश प्राथमिकतामा राखी कार्यहरु गर्दै आएको छ । जनताहरुलाई खानेपानीको उपलब्धतामा कमी हुन दिईएको छैन,पुराना निर्माण भएका मुहानहरुको संरक्षण र नयाँ पानीका मुहानहरुबाट सवै वडाहरुमा क्रमश खानेपानी पाईपलाईन वितरण भईरहेको छ । सन्दकपुर गाउँपालिका क्षेत्रभित्र खानेपानीका आयोजनाहरु स्थानीय सरकारको समन्वय र संघ सरकारको लगानीमा सुरु गरिएको छ ।

लैङगिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा छुटाईएका बजेटहरुको भरपूर सदुपयोग भएको छ । जनजाती,दलित,महिला,अपाङ्गता,अलपसंख्य,युवा,वृद्धवृद्धा,पिछडावर्गका हकहितका लागि यथेष्ठ बजेटको व्यवस्था गर्न नसकिएता पनि यस क्षेत्रमा केही उदारणिय कार्यहरु भएका छन् । युवा परिषद् गठन,जनजाती र अल्पसंख्यक थामिजातीको संस्कृति प्रर्वद्धनका कार्यक्रमहरु सम्पन्न भएका छन् । दलित साथै महिलाहरुको सशक्तिकरण र समावेशीकरणको लागि उनीहरुलाई विषेश तालिम र कार्यक्रमहरु संचालन गरिएकोछ । ग्रामीण महिलाहरुलाई कृषि र साना घरेलु उद्योगका कामसँग जोडेर उनीहरुको आर्थिक एवं सामाजिक अवस्था सुदृढ गर्ने किसिमका कार्यक्रमहरु जस्तै, अल्लोखेति,सिलाईबुनाई,हस्तकला, कृषि औजारिकरण, कृषि तालिम,सहकारी तालिम,महिला हिंसा विरुद्धको अभियान र अन्य समसमायिक विषयहरुको अन्तरक्रिया एंव गोष्ठीहरु संचालन गरिएको छ । बालबालिका तथा अशक्त वृद्ध वृद्धाहरुको स्वास्थ्यको लागि विशेष कार्यक्रमहरु गरिएको छ । बालबालिका मैत्री शैक्षिक क्रियाकलाप र भौतिक निर्माण गर्नुका साथै उनिहरुको स्वास्थ्य तथा शिक्षामा विषेश ध्यान स्थानिय सरकारले पुर्याएको छ। यस गाउपालिकालाई वालमैत्री गाउँपालिकाको रुपमा घोषणा गर्ने कार्यक्रम अन्तरगत सन्दकपुर गाउँपालिकाका ३ वटा वडाहरुलाई वालमैत्री वडा घोषणा सम्पन्न गरिएको छ । यस गाउँपालिकामा पर्याप्त आर्थिक स्रोतका अभावका कारण यस क्षेत्रमा सोचेजति उपलब्धि हासिल गर्न नसकेको कुरा प्रति सन्दकपुर स्थानिय सरकार आगामि दिनमा बढि प्राथमिकताका साथ लाग्नु पर्ने कुरामा गम्भिर रहेको छ ।

**पूर्वाधार विकास क्षेत्रको संक्षिप्त समिक्षाः**

सन्दकपुर गाउँपालिका स्थानिय सरकारको स्थापना हुदाँ यहाँ नगन्य रुपमा मात्र भौतिक पूर्वाधार विकास भएको थियो । तसर्थ सडक,पुल, सिँचाई, प्रशासनिक भवनहरुको निर्माणमा यस गाउँपालिका सुरुका दिन देखि नै विषेश प्राथमिकताका साथ लागि परेको छ । स्थानीय तह निर्वाचन २०७९ पश्चात गठन भएको नयाँ स्थानिय सरकारले विगत सरकारले गरेका कामहरुलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिई पूर्वाधार विकास क्षेत्रमा उल्लेखनिय प्रगति हासिल गरेको छ । सडक विकासको सवैभन्दा प्रमुख आधार रहेको कुरालाई महसुश गर्दै विगत सरकारले सडक क्षेत्रमा मनग्य बजेटको विनियोजन गर्दै आएकोमा अझै पनि सडकहरुको यथोचित गुणस्तर नपुगेकोले यस नयाँ सरकारले समेत सडकलाई प्रमुख विकासको आधारको रुपमा हेरेको छ तसर्थ विगत आर्थिक बर्षमा नयाँ सडक खोल्ने ,पुरानो सडकहरुलाई स्तरउन्नती गर्ने, सोलिङ्ग गर्ने, ग्राभिलिङ्ग गर्ने जस्ता कार्यहरु यस आर्थिक बर्षमा पनि निरन्तर रुपमा गरिएको छ । वडा कार्यालय र प्रमुख गन्तव्य स्थलहरुसँग जोड्ने बाटोहरु क्रमश बन्दै र स्तरउन्नती गरिदै लगिएको छ । जिल्ला सदरमुकाम र गाउँपालिका सदरमुकामबाट प्रमुख पर्यटकीय गन्तव्य सन्दकपुर, गोरुवाले भन्ज्याङ, जौबारी, छिन्टप्पु, टोड्के झरना सम्म पुग्ने सडकहरु सघं र प्रदेश सरकारसँग समन्वय गरि समपूरक बजेटबाट द्रुत गतिमा निर्माण भइरहेका छन् । विगत वर्षबाटै गाउँपालिका स्तरीय बजेटबाटसवै वडाहरुमा बाह्रैकाल गाडि गुड्न सक्ने बाटाहरु प्रशस्तै निमाण भई सकेका छन भने यस आ.व.मा मात्र प्रधानमन्त्री स्वरोजगार कार्यक्रमबाट र गाउँपालिकाको योजनाबाट करिब १२ कि.मि सडकमा सोलिङ भएको छ, त्यसै गरि २१।६ कि.मी नयाँ ट्रायाक खोलिएको छ र करिव ९ कि.मी सडक स्तरोन्नती गरिएको छ । जस्ले गर्दा स्थानिय जनताको अत्यावश्यक सामाग्री तथा कृषि उपजहरु वजार सम्म ढुवानी गर्न सरल रुपमा सम्भव भएको छ । पूर्वाधार विकासका कार्यहरुले जनताहरुमा रोजगारीको अवसर समेत सिर्जना गरेको छ । जसले गर्दा उनिहरुको आर्थिक र सामाजिक स्तर समेत सुदृढ हुँदै गएको छ । तर अझै पनि न्यून बजेटको कारण प्रमूख पर्यटकीय स्थलहरुमा पर्याप्त सडकको सुधार गर्न नसकिरहेको अवस्था छ ।

संघीयतामा स्थानीय सरकारको भूमिकालाई जनतामा अनुभूत गराउन,संघियतालाई संस्थागत गर्न साथै जनताको सेवा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गराएको छ । यति मात्र नभएर कार्यालयमा कार्यरत कर्मचारीहरुलाई कार्य वातावरण, कार्यकक्षको राम्रो

व्यवस्था साथै सेवा प्रवाहमा नयाँ प्रविधिको उच्चतम प्रयोगमा सहजता ल्याएको छ । निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरुले जनताको सेवाको लागि आआफ्नै वडाबाट प्रविधिमैत्री ढङ्गले सेवा प्रवाह गर्न भौतिक पूर्वाधारहरुको व्यवस्था गरिएको छ । जसले गर्दा सार्वजनिक सेवा चुस्त दुरुस्त र सरल ढंगले प्रवाह गर्न सम्भव भएको छ ।

**वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको संक्षिप्त समिक्षाः**

विकाससँगै विनास पनि आउँदछ तर विकासलाई वातावरणमैत्री, पर्यावरण अनुकुल वनाउदै दिगो विकासमा आधरित भई विकासका गतिविधि गर्ने यस स्थानिय सरकारको नीति अनुरुप वातावरण संरक्षण, जैविक विविधता संरक्षण, भू संरक्षणका लागि विभिन्न कार्यक्रम तथा योजनाहरु संचालन गर्दै आएकोछ । स्थानीय रैथाने प्रजातिलाई प्रर्वद्धन गर्ने विगत सरकारको नीतिलाई आत्मासाथ गर्दैस्थानीय रैथाने प्रजातिका वोट विरुवाहरुको संरक्षण र विकासको लागि नर्सरी निर्माणसँगै पानीको बहापक्षेत्र विस्तार गर्न वृक्षरोपण कार्यहरु गरिएको छ । यस काम संगै समानान्तर रुपमा अर्कोतिर वन्यजन्तु र जंगल वृद्धि विकास तथा संरक्षणको लागि पोखरीहरुको निर्माण गरिएको छ । विश्वबाटै लोपउन्मुख रेड पाण्डा तथा अन्य वन्यजन्तुको संरक्षणको लागि रेडपाण्डा प्रजनन तथा वन्यजन्तु संरक्षण केन्द्रको निर्माण कार्यलाई निरन्तरता दिई नीतिगत र कार्यगत समन्वयात्मक कार्यहरु भईरहेको छ । रेडपाण्डाले खाने प्रजातिका विरुवाहरुको बृक्षरोपणतथा त्यसको उचित वासस्थानको प्रर्वद्धनको लागि विभिन्न संघ संस्थाहरु जस्तै हाईड्रो पावर, रेडपाण्डा नेटवर्क र स्थानीय जनतासँग समन्वय र लागत साझेदारीमा कार्यहरु थालनी गरिएको छ । सवै वडाहरुको सामुदायिक र निजी वनहरुमा क्याप्टोमेरिया प्रजातीका वनस्पतीलाई क्रमश विस्थापन गरी वास्तविक रैथाने विरुवाहरुको विकास गर्न लोठ सल्ला, पिप्ले, चाँप, फलाट, बजराठ, अरखोला, रानीचाँप, पिप्ले, अम्बके, सि.सि., टेङ्गा, भालुचिण्डे, गोब्रे सल्ला, कटुस, बान्टे जस्ता वोटविरुवाको विउ उत्पादन गरि, निजी नर्सरीबाट समेत वोटविरुवा खरिद गरि वृक्षरोपण गरिएको छ । वन व्यवस्थापन, वातावरण संरक्षण जलाधार नदीनालामा पानीको वहापमा वृद्धि गर्न, सिमसार क्षेत्र माईपोखरी, सामुदायिक र निजी वन साथै अन्य पोखरीहरुको आसपासका क्षेत्रहरुमा समेत वृक्षारोपण कार्यहरु गरिएको छ ।

जनताको जनजिवनमा भैपरि आउने बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक र मानविय त्रुटीबाटउत्पन्न हुने प्रकोपबाट हुने क्षतिमा राहत स्वरुप खाद्यन्य तथा अत्यावश्यक सामाग्रीहरु वितरण गर्न कार्य भएका छन्  जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वयात्मक कार्यहरु भईरहेको छ । प्रत्येक विपद्को घडीमा स्थानीय सरकारले जनतालाई ढिला नगरि उनीहरुको जिउधनको सुरक्षाको लागि स्थानीय प्रहरी चौकी, जिल्ला स्थित रेडक्रस, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय जनतासँग समन्वय गरि पिडित परिवारहरुलाई तुरुन्त राहतको व्यवस्था र सहयोग गरिएको ।

**संस्थागत  विकास, सेवा प्रवाह  र शुसासन क्षेत्रको संक्षिप्त समिक्षाः**

लोकतन्त्रको वास्तविक मर्म भनेकै जनताले प्राप्त गरेको अधिकारको शतप्रतिशत उपभोग गर्नु हो  भने संघीयताको मर्म भनेकै जनताले आफ्नो घरको दैलोमै सरकारको सेवा पुगेको महसुश गर्नु हो । अतः यस सरकारले  लिएको नीति र विद्यमान कानुन अनुरुप प्रशासनीक, न्यायिक र विकासका कार्यहरु गर्नुनै यस सरकारको पहिलो प्राथमिकता हो । लोकतन्त्रको संस्थागत विकास संग संगै सरकारका सवै निकायहरुको संस्थागत विकासमा यस सन्दकपुर स्थानीय सरकार संविधानलाई सिरोपर गरि लागि परेको छ । सुशासनमा आधारित प्रशासनीक सेवाहरु प्रवाह गर्न सन्दकपुर स्थानीय सरकारले बढी भन्दा बढी ध्यानमा राखी सूचना प्रविधिको प्रयोग गर्दै सेवा प्रवाहलाई छिटो छरितो र सहज बनाउँदै लगिएको छ र भौतिक एवं प्रशासनिक विभिन्न सुधारका प्रयासहरु गरेको छ । सवै वडा कार्यालय ईन्टरनेट सेवा पुर्याईसकेको र स्वास्थ्य चौकी तथा विद्यालयहरुमा क्रमश ईन्टरनेटको सूविधा पुर्याउने कार्यहरु भईरहेको छ । यसको लागि कर्मचारीहरु र जनप्रतिनिधिहरुलाई तालिमको व्यवस्था गरिदै आएको छ । यसका साथै प्रशासनिक भवनहरुको निर्माण, सवै क्षेत्रका सरोकारवाला समझेदारी संघ संस्था,निजी क्षेत्र सहकारी क्षेत्रहरु संग निरन्तररुपमा समन्वय गरि कार्यहरु गर्दै आएको छ । समय समयमा उपभोक्त समितिहरुलाई अभिमुखीकरण गरी योजनामा उनीहरुको सक्रिय सहभागीतालाई बढवा दिईएको छ । यस गाउँपालिकामा हेरचाहको लागि उत्प्रेरण कार्यक्रम करुणा फाउन्डेशनले साझेदारीमा विभिन्न चरणका कार्यक्रमहरु सञ्चालन गरि सकेकोमा हाल गाउँपालिका र प्रदेशले उक्त कार्यक्रमलाई अपनत्व लिएको छ भने वान हर्ट नेपाल र निहारीका समाज नेपाल, रेड पाण्डा नेटवकर्, युनिटि ईन हेल्थ, साना सिंचाई परियोजना,आईपास नेपाल,सुनगाभा विकास संस्था, ऐन्ऋम्एले समेत

गाउँपालिकालाई विभिन्न क्षेत्रमा साझेदारीको रुपमा सहयोग पुर्याएको छ । समग्रमा हेर्दा यी सवैको प्रयास संयोजन र साझेदारीले सन्दकपुर गाउँपालिकाको संस्थागत विकास, सेवा प्रवाहमा ठूलो टेवा पुगेको छ तथापी यसमा अझै धेरै सुधारको कार्यहरु गर्नु बाँकी नै रहको र स्थानीय सरकार यसको लागी गम्भीरताका साथ लागी परेको छ ।

**आ.व २०८१।८२ मा देखिएका मुख्य अवसर,चुनौति र समस्याहरुः**

**अवसर**

- नेपालको संविधान,२०७२ र स्थानिय सरकार सञ्चालन ऐन,२०७४ ले प्रदत्त गरेको अधिकारको प्रयोग गरि स्थानीय तहको चौतर्फी विकास गर्न सकिने ।
- रामसार क्षेत्र माइपोखरी धार्मिक, पर्यटकीय तथा जैविक विविधताको हिसावले महत्वपूर्ण स्थल रहेकाले यसलाई प्रर्वद्धन गरि असिमित फाईदाहरु लिन सकिने ।
- गाउँपालिका क्षेत्रमा सामुदायिक र निजी वनहरु प्रसस्त भएकोले यसको सदुपयोग गरि व्यक्तिगत र सार्वजनिक क्षेत्रको आय आर्जन गर्न सकिने ।
- गाउँपालिकाको अधिकांश क्षेत्रमा विभिन्न बहुमुल्य जडिबुटि, लोक्ता, लोठ सल्ला, चिराइतो लगायतका अन्य जडिबुटि तथा विभिन्न फुल प्रजातिका अर्किड, लागिगुराँस, चाँप जस्ता लोपोन्मुख बनस्पती पाइने हुनाले यसको संरक्षण सम्वर्धन र प्रचार प्रसार गरि आय आर्जन बृद्धि गर्न सकिने ।
- यस गाउँपालिकामा पानीको अत्यन्त धेरै स्रोतहरु र उर्भर माटो रहेको छ जसको प्रयोगबाट व्यवसायिक कृषि तथा पशुपालन गरी दुधजन्य, मासुजन्य र कृषिजन्य बस्तुको उत्पादन गरी आन्तरिक र वाह्य बजारमा बजारीकरण गर्न सके उत्पादक तथा व्यवसायिक कृषकहरुलाई समेत ठूलो आर्थिक लाभ हासिल गर्न सक्ने।
- यस गाउँपालिका क्षेत्रमा रहेका माइपोखरी, सन्दकपुर, टोड्के झरना, माबुथाम, हाँगेथाम, धापपोखरी, छिन्तापु जस्ता पर्यटकिय गन्तव्यहरुको सुधार र संरक्षण गरि आन्तरिक तथा बाह्य पर्यटकका लागि घुम्ने र रम्ने ठाउँको रुपमा विकास गरि स्वरोजगार र आयआर्जनको अवसर सृजना गर्न सकिने ।
- विश्वमा दुर्लभ काडेभ्याकुर, रेडपाण्डा, ठकठके,झारल, घोरल लगायत अति लोपोन्मुख बन्यजन्तु तथा पंक्षिहरु समेत यस क्षेत्रमा पाइने हुँदा यसको प्रचार प्रसारमा र समन्वय गरि पर्यटक भित्राउने खालका गतिविधि संचालन गर्न सकिने ।
- नेपालकै प्रसिद्ध माईखोला (कन्काई माई) यसै गाउँपालिकामा उद्गम भई बग्ने भएकाले यसको धार्मिक, जल पर्यटन र लघु तथा ठुला जलविद्युत योजनाहरु संचालन गरि गाउँपालिकाकालाई आत्मानिर्भर बनाउन सकिने ।
- गाउँपालिकाको उतरि भेगमा खुल्ला चरिचरनको क्षेत्र भएकाले व्यवसायिक पशुपालन गर्नको लागि उपयुक्त वातावरण भएकाले यसको प्रयोग र विकास गर्न सकिने ।
- यस क्षेत्रको अधिकांस डाडाँकाडा चियाले ढाकेको हुनाले यसको उत्पादन तथा बजारीकरणका लागि स्थानिय पहल गरि वाह्य वजारहरुमा चियाको बजार विस्तार गर्ने अवसर रहेको छ ।
- इलाम र पाँचथरको सिमावर्ति क्षेत्र छिन्टापु,माबुथाम र टप्पुमा प्याराग्लाइडीङको सम्भावना देखिएकोले यसको अध्ययन गरी संचालनका लागि पहल गर्न सकिने ।
- गाउँपालिका क्षेत्रका अधिकांश यूवाहरु अन्यत्र पलायन हुने विगत देखिको समस्या न्यूनिकरणका लागि युवा लक्षित स्वरोजगारमुलक तालिम, शिपमुलक तालिम र लगानिमैत्री वातावरणको सृजना गरि काठजन्य उद्योग, कृषिजन्य उद्योग, पशुजन्य उद्योगहरुको स्थापना गरि रोजगार र आर्थिक विकास गर्न सकिन्छ ।
- विद्युत तथा वैकल्पिक उर्जाको प्रयोगका लागि स्थानियलाई प्रोत्साहन गर्ने र सो सम्वन्धि क्रियाकलापहरु संचालन गर्न सकिने जसवाट वनमाथि बड्दो चाप घटाउन सहयोग प्रदान गर्ने छ ।

- किवि जोन पकेट क्षेत्र, कोशी प्रदेश को सांस्कृतिक ग्राम,संघ सरकारको एक सय वटा गन्तव्य मध्ये उत्कृष्ट दस स्थान भित्र सूचिकृत गरिएको यो अत्यन्तै ठूलो अवसर हो।
- स्लेट स्टोन मार्वल चुन खानीको क्षेत्र रहेको साथै खानेपानी तथा नदीनालाको श्रोत पर्याप्त रहेको।
- यहाँ रहेको अगुवा किसान,बुद्धिजीवी, व्यापारी, लाहुरे, उच्च तहका कर्मचारी, युवायुवती जस्ता मानव संसाधनहरुको आर्थिक एवं बौद्धिक सहयोग लिई पर्यटन कृषि तथा अन्य क्षेत्रमा बढी भन्दा बढी फाईदा लिन सकिने।
- लेम्चोङ्ग, तितेपातिको बाष्पीकरणवाट तेल उत्पादन गर्ने , सिस्नुको प्रशोधन ,अल्लोकपडा उत्पादन,नेपाली कागजको उत्पादनको प्रचुर संभावना रहेकोछ।
- समग्रमा हेर्दा यस गाउँपालिका क्षेत्रलाई पर्यापर्यटन,कृषि र जडिवुट्टी उत्पादनबाट मनग्ये विकास र सम्वृद्धि तर्फ उन्मुख गराउन पर्याप्त प्राकृतिक श्रोतसाधन रहनु यस गाउँपालिकाको अवसरको रुपमा लिन सकिन्छ।

**कमजोर पक्षः**

- हाम्रो गाउँपालिकामा भएको प्राकृतिक स्रोत साधनको जल,जमिन, जंगल, जनशक्तिको सहि ठाउँमा सही तरिकाले सदुपयोग गर्न नसक्नु।
- आफनो संस्कृती ,भाषा , भेषभुषा र भोजनलाई यथेष्ट सम्मान र अनुकरण नर्गनु।
- हामीसँग रहेका सन्दकपुर, टोड्के झरना, माईपोखरी, हाँगेथाम , चोयाटार सामुदायीक वन , जौवारी तुम्लीङ्ग मेग्मा, मावुथाम र चन्द्रपाल थेवे धाप पोखरी,छिनटापु,चमेरेगुफा,भालजुरे पानी,सुतुलुङ खरिबोटे ढुंगा,हाडी दह,विखे भन्ज्याङ्ग जस्ता हिराका रुपमा रहेका अत्यन्त सुन्दर पर्यटकीय गन्तव्यहरुलाई दुनियाको अगाडि चिनाउन नसक्नु वा प्रचारप्रसार गर्न नसक्नु र पर्यटन उद्योगका पुर्वाधारको विकास नहुनु, “हामीले, हाम्रो लागि ,हामिले नै गर्नु पर्छू भन्ने भावनाको समेत कमी हुनुनै यस गाउँपालिकाको कमजोर पक्ष हो।
- संघीय र प्रदेश कानुनको अभाव रहनु त्यस माथि दैनिक गतिविधि संचालन गर्न आवश्यक पर्ने गाउँपालिकाको आफ्नै नीति, नियम, कार्यविधिहरुको यथेष्ट निर्माण भईनसक्नु साथै भएका कानुनहरुको प्रयोग या कार्यान्वयनमा समेत सैद्धान्तिक र व्यवहारिकरुपमा नमिलेको अवस्थालाई चर्नि नसक्नु पनि हाम्रो कमजोरी हो।
- उचित किसिमको विकास प्रणालीहरुको थालनी र विकास गर्न नसक्नु साथै राजश्व चुवाहट रोक्न र आन्तरिक स्रोतठूलो मात्रामा बृद्धि गर्न नसक्नु वा जुटाउनु नसक्नु हाम्रो प्रमूख चुनौती साथै कमजोरी पनि हो।
- आधुनिक वैज्ञानिक प्रणालीबाट कृषि र पर्यटनको विकास गर्न नसक्नु, औधोगिकीकरण र स्थानीय उत्पादनलाई वजारीकरण गर्न नसक्नु पनि हाम्रो कमजोरी हो।
- अन्याधुनकि प्राविधिक उपकरणको अभाव र प्रयोग नहुनु, श्रम गर्न सक्ने युवाहरु विदेशिनु तथा दक्ष जनशत्तिको अभाव रहेको छ।
- हामीले अन्तर स्थानीय तह तथा संघ र प्रदेश सरकार संघको समन्वय ,सहकार्य गर्न नसक्नु गम्भीर कमजोरी हो।
- सवै जनताहरुमा विकास हामीले आफ्नै सहभागितामा गरि भावानात्मक एकताको विकास गर्न नसक्नु पनि हाम्रो कमजोरी हो।
- यथेष्टमात्रामा आधुनिक सूचना प्रणालीको प्रयोग गरी कानुन अनुसार संस्थागतरुपमा प्रणालीहरु विकास गर्न नसक्नु।

**चुनौतिः**

- स्थानीय समुदाय, सरकारी स्थानीय तथा जिल्ला स्तरीय विषयगत निकाय तथा गैर सरकारी संस्थाहरुको विच समन्वय, सहकार्य र सहअस्तित्वको कायम गर्नु।
- गाउँपालीका क्षेत्रमा प्राविधिक मानवीय जनशक्तिको कमीलाई सन्तुलन कायम गर्नु।

- भौतिक विकासका लागि असन्तुलित भौगोलिक अवस्थालाई चिर्दै दिगो विकास गर्नु ।
- गाउँपालिका क्षेत्रमा रहेको र उत्पादित बौद्धिक मानविय सम्पतीको प्रयोग गर्नु ।
- गाउँपालिका क्षेत्रमा यातायातको सहज पहुँच नभएकाले उत्पादित कृषि उपजको सहज वजारीकरण गर्नु ।
- विद्यमान धार्मिक तथा प्राकृतिक पर्यटकिय स्थल जोड्ने सड्क स्तरउन्नती नहुनु तथा पर्यटन प्रर्वद्धन सम्वन्धि कार्यक्रमहरु संचालन गर्नु ।
- लोप हुन लागेका स्थानिय भाषा, संस्कृति, भेषभुषा संरक्षणका लागि सास्कृतिक संग्राहालय निर्माण सहित संरक्षण गर्नु ।
- गाउँपालिका क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरुको भौतिक एवं शैक्षिक गुणस्तरको स्तरउन्नती गरि वजारमा विक्न सक्ने योग्य जनशक्तिहरुको उत्पादन गर्नु ।
- परम्परागत रुपले गरिने खेतिबालीलाई प्रविधि प्रयोग गरी आधुनिकिकरण यन्त्रीकरण गरी छिटो र धेरै आम्दानी गर्ने खालका खेतिवालि गर्ने परिपाटिको विकास गर्नु ।
- सन्दकपुर गाउँपालिका पशुपालनका लागि जिल्लाकै उत्कृष्ठ ठाउँ भएकाले परम्परा देखि पाल्दै आएका चौरी, गाई लगायतका पशुहरुको संरक्षण सहित उन्नत जातका पशुपालन व्यवसायको प्रर्वद्धन गरी स्थानिय स्तरमै रोजगारको अवसर सृजना गर्नु ।
- यहाँका अधिकांश यूवाहरु वैदेशिक रोजगार तथा बैदेशिक सुरक्षा निकायमा कार्यरत रहेकोले उनीहरु व्यक्तिगत रुपमा आर्थिक हिसावले सम्मुन्नत समुदायको बाहुल्य रहेको छ । तर पनि पुंजि परिचालनको उपयुक्त संयन्त्र र वातावरण नभएकाले बसाइ सराइलाई रोकी पुँजी तथा जनशक्ति पलायनबाट रोक्न सक्नु हाम्रो लागि ठूलो चुनौती हो ।
- स्वास्थ्य केन्द्र/चौकीहरुको क्षमता विकास तथा दक्ष प्राविधिक जनशक्तिको नियमित उपलब्ध हुन नसक्नु साथै प्रसूती सेवा संचालन गर्न नसक्नाले महिला तथा वालवालिकाहरुको अकालमा ज्यान जान सक्ने खतरालाई सामना गर्नु ।
- गाउँपालिका क्षेत्रको विकासका लागि योजनाहरुको प्राथमिकिकरण नगरी विकास योजना अगाडी बढाउने पद्धतिले विकासमा निश्क्रिय सहभागीताको अवस्था ल्याएकोमा यसलाई चिर्न सक्नु पनि हाम्रो चुनौती हो ।
- जलवायू परिवर्तनको असरले कृषि तथा पशुपालन क्षेत्रमा परेको असर न्यूनिकरणकालागि पहल कदमी गर्नु ।
- किटनासक औषधीको प्रयोगले पर्यावरणमा प्रतिकुल प्रभाव परेको छ, यसको प्रयोग न्यूनिकरण गरि अर्गानिक खेति प्रणाली सम्वन्धि क्रियाकलापहरु संचालन गर्नु ।
- सार्वजनिक शौचालयको निर्माण साथै सरसफाइका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्नु र बजार क्षेत्रमा फोरमैलाको उचित व्यवस्थापन गर्नु ।
- गाउँपालिका क्षेत्रमा पाइने चिराइटो, सिस्नु, लोक्ता, मझिटो जस्ता छिटो आम्दानी दिने जडिबुटि खेति प्रति स्थानियलाई प्रोत्साहन गर्ने खालका क्रियाकलाप तथा कार्यक्रमहरु संचालन गर्नु।
- किवी,अलैची,अदुवा,भुँइस्याउ,अकवारे खुर्सानी,डेरी उद्योग, तरकारी खेती, चिया खेती, साथै जडिवुटी खेती प्रोत्साहन गर्नु ।
- आधुनिक समाजको नाममा पश्चिममा संस्कृतिको अनुकरण गर्ने प्रवृतिको प्रभाव र वढवाका कारण यहाँका मानिसहरुको परम्परादेखि खादै आएका स्थानीय अर्गेनिक पोषणयुक्त खाद्यबस्तुहरु,परम्परागत मौलिक संस्कृति झल्किने पोषाकहरु,आनीवानी,भाषा तथा लिपिहरु क्रमश विस्तारै विस्थापित हुने अवस्थामा छन यिनिहरुको संरक्षणका लागी स्थानीय जनताहरुलाई सचेतानात्मक कार्यक्रमहरु संचालन गरी राष्ट्र निर्मामा टेवा पुर्याउन ।

## **खण्ड २**

## आर्थिक वर्ष २०८२।०८३ को नीति,कार्यक्रम तथा बजेट

यस गरिमामय सभामा उपस्थित गाउँसभा सदस्यज्यूहरु,
राष्ट्रसेवक कर्मचारी, पत्रकार, सुरक्षाकर्मी र अन्य आमन्त्रित आदरणीय महानुभवहरु।

अव म आगामी आ.व.२०८२।०८३ को लागि सन्दकपुर गाउँपालिकाको नीति तथा कार्यक्रम यस सम्मानित गाउसभामा पेश गर्न चाहान्छु।

## सोंच, लक्ष्य, उद्देश्य

सन्दकपुर गाउँपालिकाको टोल स्तरीय बैठक,वडा समितिको बैठक हुँदै सार्वभौम कार्यपालिकामा विभिन्न चरणमा भएको सर्वसम्मत निर्णयानुसार, विगतमा बनेको सन्दकपुर गाउँपालिकाको बीस वर्षे गुरुयोजना २०७८/७९–२०९७/९८ र यस सरकारले लिएको नविनतम जनमुखी कार्यन्वयन योग्य नीतिहरुलाई एकिकरण गरि यस आर्थिक वर्ष २०८२।०८३ को सोंच,लक्ष्य र उद्देश्य यस सभामा पेश गर्न चाहान्छु।

## सोंचः

“भौतिक,आर्थिक, सामाजिक, साँस्कृतिक तथा प्रशासनिक पूर्वाधार,
सवल,सक्षम उत्कृष्ट व्यस्थापन सन्दकपुर गाउँपालिका समृद्धिका आधार”।

## लक्ष्यः

सन्दकपुरलाई भौतिक रुपले विकसित र सुविधायुक्त,आर्थिक र सांस्कृतिक रुपले सुसम्पन्न बनाई स्वास्थ्य तथा शिक्षाको क्षेत्रमा गुणस्तरीय सुविधायुक्त सुरक्षित पहुँच र सेवा, लैगिक रुपमा महिलामैत्री, बालमैत्री, अपाङ्गमैत्री, जेष्ठ नागरिक मैत्री, सामाजिक रुपले समावेशी समातामूलक साथै सहभागितामुलक, वातावरणीय रुपले स्वच्छ, सफा हराभरा , न्यायिक तथा प्रशासनिक रुपले प्रविधिमैत्री चुस्त, दुरुस्त, सक्षम सुशासनयुक्त प्रणाली अपनाई सवै क्षेत्रमा उत्कृष्ट नमुना कार्यहरु गर्दै पर्यटकीय गाउँको रुपमा विकास गरी कोशी प्रदेशकै उत्कृष्ट पर्यटकीय गाउंको रुपमा विकास गर्ने।

## उद्देश्यः

१.भौतिक पूर्वाधारहरूको समानुपातिक दिगो विकास तथा विस्तारबाट सेवा, सुविधा र बजारमा पहुँच र उपयोग वृद्धि भई जीवनयापन सहजता तर्फ उन्मुख गर्ने।
२.बन वातावरणको संरक्षण,स्वच्छ खानेपानी तथा सरसफाईमा सहज पहुँचमा वृद्धि गर्ने।
३.सहकारीको माध्यमबाट कृषि तथा पशुपालन पेशालाई व्यवसायिक बनाई रोजगारमूलक तर्फ उन्मुख गर्ने।
४.पर्यटकीय पूर्वाधारको लगत तयार एवं पूर्वाधारमा स्तरवृद्धि र उचित लगानी गर्ने।
५.उद्योग तथा व्यवसायको सिर्जना, वृद्धि र विस्तार गर्ने।
६.सामाजिक न्यायको सिद्धान्तलाई अवलम्वन गरि समतामूलक समाजको निर्माण गर्ने।

७. शिक्षा तथा खेलकुद सर्वसुलभ, गुणस्तरीय, प्राविधिक, व्यवसायिक र समावेशी गराउन योजनावद्ध विकासको शुरुवात गर्ने र शिक्षालाई वैज्ञानिक ,व्यवहारिक र स्थानिय तह सुहाउदो शिक्षण प्रणाली लागु गरि सिपमुलक बनाउन सवै तवरले योजनाहरु ल्याउने ।

८.स्थानीय लोकसंस्कृति,कलासाहित्य ,भेषभुसा,भाषा, लिपि ,परम्पराको संरक्षण, सम्वद्र्धन र विकास गर्ने ।

९.स्वास्थ्य सेवावाट प्राप्त हुने आधारभूत सेवाको गुणस्तर स्तर वृद्धि र सुलभता गर्ने ।

१०.विद्युतीय सुशासनलाई अंगीकार गरी सेवालाई राम्रो बनाउने ।

११.विपदजन्य जोखिम न्यूनिकरणका लागि योजना र कोष निर्माण गर्ने ।

१२.आर्थिक र सामाजिक रुपले पिछाडी पारिएका परेका नागरिकहरुलाई उनीहरुको जीवनस्तर उकास्न उद्यमशील बनाउँदै व्यवसायिक विकासमा सवैलाई अर्थपुर्ण सहभागिता गराई क्रियाशिल बनाउँदै लाने साथै सबै समूह र सहकारीलाई प्रर्वद्धन गरी कृषि क्षेत्रको विकासमा यसको भूमिकालाई अझै गहन बनाउने ।

१३.फोहरमैला व्यवस्थापनमा वैज्ञानिक पद्धतीको शुरुवात गर्नै ।

१४.समग्रमा सन्दकपुर गाउँपालिकाको राजश्वका क्षेत्रहरु र दायराहरुलाई वैज्ञानिक बनाउदै आन्तरिक श्रोतको बढोत्तरि गरी दिगो विकासमा आधारित भएर मानव विकाससंगै आर्थिक, सामाजिक,भौतिक,संस्कृतिक हिसावले सुसम्पन्न र समृद्ध गाउँपालिका बनाउने, समृद्ध नमुना गाउँपालिका बनाउने ।

## बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरुः

सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको त्याग,पसिना र वलिदानबाट प्राप्त भएको संघीय लोकतान्त्रिक गणतान्त्रात्मक शासन व्यवस्थाको स्थापना सँगै आएको तीन तहको सरकार संचालन प्रणाली अनुसार यस सन्दकपुर गाउँपालिकामा स्थानीय सरकारको अभ्यास भएको आजयो दोस्रो सरकारको पहिलो नीति तथा कार्यक्रम हो । संघ र प्रदेश सरकारले लिएको नीति अनुरुप र अघिल्लो सरकारले विगतमा लिएका जनमुखी नीति,कार्यक्रम र अहिले नवनिर्वाचित दोस्रो कार्यकालको सरकारले लिएको नीति कानुन अनुसार सरकार सञ्चालन गर्नु हाम्रो दायित्व हो । लोकतान्त्रिक पद्धतीलाई व्यवहारमा उत्तारदै यसलाई दिगोरुपमा संस्थागत गरी स्थायित्व कायम गर्दै जनताको इच्छा र चाहानालाई बढी भन्दा बढी पूरा गर्नु यस सरकारले पहिलो कर्तव्य ठानेको छ । पर्याप्त वजेट स्रोतको अभावका कारण जनतालाई दिएको बचन मुताविक सवै एकै पटक नीति तथा कार्यक्रम ल्याउनु पक्कै पनि चुनौतिपुर्ण कार्य रहेकोले, उपलब्ध आर्थिक स्रोत साधनको उच्चतम प्रयोग गर्ने गरि, वनेको कानुन नियम, विगतको अभ्यास, बढी भन्दा बढी जनसहभागितामा आधिरित भई जनताको माग र आवश्यकता, टोलबस्ती हुँदै वडा तहबाट सिफारिस भई आएका आधारमा विभिन्न विषयगत समितिमा छलफल गरि,कार्यपालिका र गाउँसभाबाट सर्वसहमतिले नीति तथा कार्यक्रमहरु पारित गरिएको छ । देशमा भएको राजनैतिक परिवर्तनलाई संस्थागत गर्दै जनताका असिमित आकांक्षा र आवश्यतालाई उचित सम्वोधन गरि अघि वढ्नुपर्ने यस घडिमा सन्दकपुर गाउँपालिका इलामले पनि विगतको गाउँसभाले निर्णय गरि कार्यान्वयनका चरणमा रहेका महत्वपुर्ण कार्यहरुलाई निरन्तरता दिंदै र जनताका समसामयिक इच्छा आकांक्षाहरुको पनि सक्दो सम्वोधन गर्ने कोसिस गर्दै लैजाने उद्देश्य राखेको छ ।

यस सन्दकपुर गाउँपालिका पर्यटन, कृषि, पशुपालन, उद्योग, व्यापार र व्यवसायका लागि प्रचुर सम्भावना बोकेको स्थानीय तह हो । यस गाउँपलिकालाई त्यति मात्र नभएर जडिबुटीको अनुसन्धान केन्द्र,आर्युवेद कलेज र जडिबुटी उद्योग स्थापना, कृषि तथा बाली विज्ञानको शिक्षण गर्ने केन्द्रको रुपमा पनि विकास गर्न सकिने उतीकै प्रवल सम्भावना रहेको छ । विभिन्न सम्भावना भएता पनि गाउँपालिकाको आर्थिक श्रोतको मूख्य आधार भनेको पर्यटन, कृषि, पशुपालन नै रहेको छ । यस गाउँपालिकामा धैरै क्षेत्रमा विकासका सम्भावना हुँदाहुदै पनि संघ तथा प्रदेश सराकारबाट प्राप्त हुने बजेटको कमी र स्थानीय स्रोत साधनको अपेक्षित उपयोग गर्न नसकेका कारणबाट जनताको आर्थिक तथा सामाजिक जीवनस्तरमा उल्लेखनीय गुणस्तरिय परिवर्तन हुन सकेको देखिदैन अझै पनि कैयौं क्षेत्र,वर्ग तथा समुदायहरूले स्थानिय सरकारको पूर्ण अनुभूति गर्न सकिरहेका छैनन् ।यो स्थानिय सरकार सधै जनताको ईच्छानुसार समन्वय सहकार्य र सहअस्तित्वलाई स्वीकार्दै विकासमा लाग्नु,जनताको सेवा गुर्न हाम्रो पहिलो धर्म र कर्म हो ।

यसै सन्दर्भमा नेपालको संविधान २०७२ मा उल्लेख गरिएका स्थानिय तहको अधिकार क्षेत्र, राज्यका निर्देशक सिद्धान्त र नीति, संघ र प्रदेश सरकाले अंगीकार गरेका राष्ट्रिय नीतिहरुलाई आधारको रुपमा लिदै स्थानिय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ उपदफा १ बमोजिम यस गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम तर्जुमाका लागि निम्न विधि अवलम्वन गरिएको छ ।

- जनताका वास्तविक माग र आवश्यकताको आधारमा वस्ती स्तरका मागलाई प्राथमिकतामा राख्दै सरोकारवाला सवै विकास साझेदारी संघ संस्था र जनताको व्यापक सहभागिता सहित, वडा समितिको वैठकवाट स्थानीय स्तरको माग संकलन गरिएको छ ।
- आर्थिक विकास र सामाजिक विकासलाई बढी प्राथमिकतामा राखी, पूर्वाधार विकास,सार्वजनिक सेवा तथा संस्थागत विकास, महिला सशक्तिकरण तथा नेतृत्व विकास र वातावरण तथा विपद व्यवस्थापनका प्रत्येक वडावाट क्षेत्रगत योजना तथा कार्यक्रम छनौट गरी योजना तथा कार्यक्रम समावेश गरिएको छ ।
- वडा तहवाट प्राप्त आयोजना तथा कार्यक्रमलाई निम्न आधारमा विषयगत समिति हुदै बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समितिद्धारा आयोजना तथा कार्यक्रमको प्राथमिकिकरण गर्दे कार्यपालिकामा पेश गरेको र कार्यपालिकामा छलफल गर्दे गाउँसभाबाट सर्वसहमतिले पारित गरिएको छ ।

**योजना तर्जुमाका क्रममा प्राथमिकिकरणका आधारहरु निम्नानुसार उल्लेख गरिएको छ ।**

- आन्तरिक आयलाई सहयोग पुर्याउने,राजश्व परिचालनमा योगदान पुर्याउने ।
- जनताको वास्तविक आवश्यकताको परिपूर्ती गराउने,जीवनस्तर आम्दानी र रोजगारी बढ्ने ।
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको र सामाजिक न्यायको अभिवृद्धि गर्ने ।
- नेपालकै महत्वपूर्ण पर्यटकिय गन्तब्यको रुपमा सन्दकपुरलाई विकास गर्न आवश्यक पर्ने पूर्वाधारको निर्माण गर्ने ।
- स्थानीय उत्पादनलाई प्राथमिकता दिंदै उत्पादनमूलक, चाडै प्रतिफल दिने ।
- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने ।

- सहकारीको प्रवर्धन गर्दै स्थानीय कृषिजन्य उत्पादनलाई प्रर्वद्धन गर्न बढी प्रोत्सहानका साथ प्राथमिकतामा राख्ने ।
- समुदायलाई विपद तथा जलवायू परिवर्तन उत्थानशिल वनाउने ।
- स्थानीय स्रोतसाधनको अधिकतम उपभोगमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने ।
- दिगो विकास, पर्यावरणीय सन्तुलन, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पु¥याउने ।
- सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई छिटो छरितो,समय सापेक्ष,निष्पक्ष र प्रभावकारी बनाउने ।
- संस्थागत विकास, सुशासन,मितव्ययी खर्च प्रणाली र पारदर्शिता अभिवृद्धि गर्ने ।
- सामाजिक सदभाव,परम्परागत धर्म,संस्कृति,चाडपर्व र अन्य स्थानीय विषेश संस्कृति र पहिचान प्रवर्द्धन गर्ने ।
- यस गाउँपालिकाको सहज जनजीविका र विकासका लागि फाइदा पु¥याउने ।
- यस गाउँपालिकामा आवश्यक देखेका अन्य सवै विषयहरु ।
- यस इलाम जिल्ला भित्रका स्थानिय सरकारसँग समन्वय र सहकार्य गर्न चाहने गैर सरकारी संघ संस्थाहरुलाई आवश्यक सहयोग गर्दै सहयोग लिदैँ त्यस्ता क्षेत्रहरुवाट अधिकतम लाभ जनतामा पुर्याउने ।

**प्राथमिकता प्राप्त प्रमुख नीति तथा कार्यक्रमहरु**

यस गरिमामय सभामा उपस्थित गाउँसभा सदस्य ज्यूहरु,
राष्ट्रसेवक कर्मचारी,पत्रकार,सुरक्षाकर्मी र अन्य आमन्त्रित आदरणीय महानुभवहरु ।

१.नेपालको संविधान,२०७२ व्यवस्था अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य प्रचलित कानुनहरुको कार्यान्वयनको क्रममा सन्दकपुर गाउँपालिकाको विकास र समृद्धिको यात्रामा गाउँसभाको चालु अधिवेशनको यस वैठकमा माननीय सदस्य ज्यूहरुलाई स्वागत गर्दै आ व २०८२।०८३ को गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाइ खुशी लागेको छ ।

२.देशमा संघीय लोकतन्त्रान्त्रिक गणतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका जनआन्दोलन, अधिकार प्राप्तिका विभिन्न आन्दोलनहरुमा सहादत हुनुभएका आदरणीय अमर सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।वहाँहरुको योगदानको उच्च मूल्यांकन गर्दै हार्दिक सम्मान व्यक्त गर्दछु ।

३.सन्दकपुर गाउँपालिकाको अघिल्लो पाँच वर्षमा स्थानीय तहको कार्यालय भवन निर्माण, भौतिक पूर्वाधार लगायत प्रशानिक इकाइहरुको आधार निर्माण भएका छन् । आधारभुत कानुनहरु वनाउन सुरुवात भएका छन । सन्दकपुर गाउँपालिका समृद्धिका आधारका रुपमा भौतिक,आर्थिक, सामाजिक, साँस्कृतिक तथा प्रशासनिक पूर्वाधारहरुको दिगो विकास र भरपर्दो रुपमा सवल,सक्षम उत्कृष्ट व्यवस्थापनलाई दीर्घकालिन सोंचका रुपमा लिएको छ ।

४.नेपालको संविधान अनुसार संघ,प्रदेश र स्थानीय तहका एकल र साझा अधिकार सुचिका कार्य विस्तृतिकरण वमोजिम सन्दकपुर गाउँपालिकाको जनताको आकांक्षा तथा आवश्यकता,संघीय सरकार र प्रदेश सरकारले लिएका

लक्ष्यहरु, दिगो विकासका लक्ष्यहरु, गाउँपालिकाले लिएको लक्ष्यहरु तथा आवधिक योजना सहितको गुरुयोजनाहरुलाई गाउँपालिकाले गन्तव्य निर्धारण तथा मार्गदर्शनका आधारका रुपमा लिइ समृद्ध गाउँपालिका निर्माणको अवधारणा कार्यान्वयन भइरहेको छ।

५.स्थानीय सरकारको अघिल्लो कार्यकालमा निर्माण भइ कार्यान्वयनमा रहेको गाउँपालिकाको आवधिक योजना सहितको वीस वर्षे गुरुयोजना अनुसार वार्षिक वजेटलाई सामञ्जस्य गराइ दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गरी उपलव्धि हासिल गर्ने,तीन वर्षको समष्टिगत वित्त खाका ,वजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश भएको मध्यमकालीन खर्च संरचना तर्जुमा तथा लागू गरिने छ।

६.योजना, वजेट तथा कार्यक्रमलाई गाउँपालिकाको आवश्यकता , राष्ट्रिय तथा प्रादेशिक लक्ष्य प्राप्तिमा सहयोग पुर्याउन गाउँपालिका स्तरीय योजना,वीस वर्षे गुरुयोजना र वजेट दिग्दर्शनलाई कार्यान्वयन गरिनेछ। आयोजना तथा कार्यक्रमहरुमा उपलव्ध स्रोत साधन परिचालनमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता पुष्टि हुनेगरी  योजनागत लागत, समय, उपलव्धि र गुणस्तरमा ध्यान दिइ तोकिएको कार्य सम्पन्न गर्न र लक्षित उद्धेश्य प्राप्त गर्न योजनागत, नीतिगत र कार्यगत व्यवस्थालाई प्रभावकारी बनाइनेछ । अनिवार्य रुपमा योजनाहरुको लाभग्राहीहरुवाट नगद लागत सहभागिता जम्मा गरेपछि मात्र सम्झौता गरी कार्यान्वयनमा जाने व्यवस्था गरिनेछ । योजना तथा कार्यक्रमहरु टोल विकास संस्था मार्फत कार्यान्वयन गर्न नीतिगत तथा कानुनी व्यवस्था गरी स्रोत साधन व्यवस्थापन र क्षमता विकास गरिनेछ।

७.विषयक्षेत्रगत खर्च समीक्षा आर्थिक अनुशासन एवं कार्यदक्षता र सुशासन व्यवस्थापन समेतलाई ध्यानमा राखी शाखागत रुपमा निश्चित अवधिगत प्रगति समिक्षा गर्ने,गाउँपालिकाले स्वत: प्रकाशनलाई अझ व्यवस्थित रुपमा प्रकाशन गरी सुचनाको हकको प्रत्याभूत गरिनेछ।

८.गाउँसभा र कार्यपालिकाको निर्णयहरुको अभिलेख व्यवस्थापनलाई व्यवस्थित गरिनेछ ।  कार्यपालिकाका निर्णयहरुको कार्यान्वयनको अवस्था विश्लेषण गरिनेछ। विषयगत समिति र उपसमितिहरुको कार्य जिम्मेवारी र कार्यप्रभावकारिता अभिवृद्धि गरिनेछ।

९.गाउँपालिकाको जिम्मेवारी तथा कार्यक्षेत्र वमोजिमका कार्यहरु सम्पादन गर्न स्थापित कार्यालय,शाखा, उपशाखा तथा सेवाकेन्द्रहरुवाट सेवा संचालन गर्न सरल सहज र प्रभावकारिताका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण भए अनुसार गाउँकार्यपालिका र अन्तर्गत निकायमा रहने कार्यालयहरु तथा सेवा केन्द्रहरुको संख्या तथा सो मा रहने कर्मचारीको दरवन्दी सुनिश्चित गरी सेवा प्रवाहलाई छिटो,छरितो र सु-शासित वनाइनेछ।

## क्षेत्रगत नीति तथा कार्यक्रमहरु

### क.आर्थिक बिकास क्षेत्रका निति तथा कार्यक्रम

कृषि तथा पशुपन्छी बिकास

- कृषि सहकारी संस्था संगको साझेदारीमा आलु पकेट बिकास गरी आलु खेतीमा आधुनिकिकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- मौरीपालन गरिरहेका कृषकसँगको साझेदारीमा ब्यवसायीक मौरी पालन तालिम संचालन तथा मौरीपालनका लागि आवश्यक सामाग्रीहरु वितरण गरि मौरी पालन व्यवसाय तर्फ उन्मुख गराउने कार्यलाइ निरन्तरता दिइनेछ ।
- "स्वस्थ माटो सन्दकपुरको पहिचान" भन्ने नारा सहित माटो परिक्षण सेवालाई फिल्ड स्तरसम्म संचालन गरी कृषि चुन बितरण गरिनेछ ।
- बिषादीको प्रयोग न्युनिकरण गर्दै जैबिक खेतीलाई प्रोत्साहन गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- किसान सुचिकरण कार्य सम्पन्न गरी बर्गीकृत कृषक परिचयपत्र बितरण गरिने छ ।
- सफा दुधजन्य बस्तु उत्पादन तथा ब्यवसायीकरण गर्नका लागि डेरी तथा दुग्ध उत्पादक सहकारी संस्थाहरुसंगको लागत साझेदारीमा छुर्पी प्रवर्धन कार्यक्रम लाई निरनतरता दिइनेछ ।
- उन्नत बिउ बिजन, प्रविधी हस्तान्तरण, आकस्मिक बाली र पशुपन्छी रोग रोकथाम तथा पशुपन्छीमा परजिवी नियन्त्रणका लागी औषधी बितरण र प्राबिधिक सेवालाई निरन्तरता दिइनेछ ।
- कृषि तथा पशुपन्छी बिकास मन्त्रालयबाट इलाम जिल्लामा निर्धारण गरिएको खोरेत रोग मुक्त जोनलाई तोकिएको बिधि र प्रकृया अवलम्बन गर्दै सन्दकपुर गाउँपालिकामा खोरेत रोग नियन्त्रण तथा उन्मुलन गर्नका लागी संघ र प्रदेश सरकार संगको सहकार्य तथा समन्वयमा खोरेत रोग नियन्त्रण सम्बन्धी कार्यक्रम संचालन गरी सन्दकपुर गाउँपालिकालाई खोरेत रोगबाट मुक्त गर्ने र पशुजन्य पदार्थको निर्यातमा टेवा पुर्याउनको लागी खोरेत रोग नियन्त्रण कार्यक्रम संचालन गरिनेछ ।
- पशुपन्छीका बिभिन्न महामारीजन्य रोग रोकथाम तथा नियन्त्रण गर्न पशुपन्छी खोप कार्यक्रम संचालन गरीने छ ।
- "दुध उत्पादनको मुख्य आधार, कृतिम गर्भाधानद्वारा नश्ल सुधार" भन्ने नाराका साथ सहुलियत दरमा कृतिम गर्भाधान कार्य संचालनका लागी गाई भैसी र वाख्राको जमेको बिर्य र तरल नाइट्रोजन खरिद ढुवानी तथा ब्यवस्थापन गरीनेछ ।

साना सिँचाई

- प्राकृतिक प्रकोप बाट क्षति भएका ३ वटा, नयाँ २ वटा गरी जम्मा ५ वटा साना सिँचाई योजना संचालन गरी कृषिको उत्दकत्व बृद्धी गरिनेछ ।

सहकारी प्रवर्धन

- सहकारी संस्थाहरुको प्रवर्धन तथा क्षमता बिकास गरी प्रबिधीमा पहुँच पुर्याउनको साथै निस्कृय रहेका सहकारी संस्थाहरुको तथ्यांक अध्यावधिक र अनुगमन गरिनेछ ।

पर्यटन प्रबर्धन

- हिल स्टेसन / पर्यटकिय पालिका घोषणाका लागी प्रदेश सरकार संग समन्वय गरिनेछ साथै सन्दकपुर गाउँपालिकाको १ वटा वडालाई पर्यटकिय वडा घोषणा गरिनेछ ।
- फाल्गुनन्द पदमार्ग संग अन्य पर्यटकिय स्थलहरुलाई जोड्न सम्वन्धित निकायहरु संग पहल गरिनेछ ।
- रेडपाण्डा महोत्सवलाई निरनतरता दिइनेछ ।
- सरोकारवालाहरु संगको सहकार्य र साझेदारीमा माईपोखरी र देउराली वजारको सौन्दर्यिकरण गरिनेछ ।
- सन्दकपुर गाउपालिका अन्तर्गतका पर्यटकिय क्षेत्रहरु तथा तिनमा हुने उत्सव, महोत्सव तथा पर्यटकिय गतिविधिहरुलाई समेटी प्रकाशन गरिएको पर्यटन पात्रो (क्यालेन्डर) लागु गरीने छ ।
- पर्यटन पुर्वाधार, पदमार्ग निर्माण तथा पुननिर्माण, सुचना बोर्ड, खानेपानी, शौचालय, आरामस्थल निर्माण तथा स्थानिय बास्तुकला प्रवर्धन संवन्धी कार्यहरु गरिनेछ ।
- पर्यटन प्रवर्धनका लागी बिभिन्न सरोकारकाला निकाय तथा संघ सस्थाहरु संगको सहकार्यमा बिबिध कार्यक्रमहरु संचालन गरिनेछ ।
- बिभिन्न पर्यटकिय क्षेत्रहरुमा पर्यटन प्रवर्धन उपसमिती गठन गरी परिचालन गर्ने कार्यलाई निरनतरता दिइनेछ ।

उद्धम बिकास तथा रोजगार प्रवर्धन

- राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम अन्तरगत प्रत्येक वडाका निश्चित सडकलाई सम्बन्धित वडाले नै पहिचान गरी कम्तिमा ५ कि.मि. मर्मत सम्भार गरी बाह्रै महिना संचालन हुने ब्यवस्था गर्न जिम्मेवारी दिइनेछ । साथै ४९ जना श्रमिकको लागी न्युनतम १०० दिनको रोजगारीको सुनिश्चितता गरिनेछ ।
- सुरक्षित आप्रवासन (सामी) कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

- लघु उद्धमको माध्यमबाट नयाँ उद्धमी श्रृजना गरिनेछ साथै पुराना उद्धमी लाई स्तरउन्नती गरी प्रबिधी हस्तान्तरण गरिनेछ।
- गरिबसँग विश्वेवेश्वर कार्यक्रमलाई निरनतरता दिइनेछ।

## ख. सामाजिक विकास क्षेत्रका नीति तथा कार्यक्रमहरुः

शिक्षाः

- गाउँपालिका स्तरीय एक नमुना विद्यालयको स्थापना गर्ने नीतिलाई परिस्कृत गरी जीवनोपयोगी सिपमुलक शिक्षा,प्रयोगात्मक,गुणस्तरीय, प्रविधियूक्त वैज्ञानिक शिक्षामा जोड दिई दक्ष जनशक्तिको विकास गरिनेछ।
- सन्दकपुर गाउँपालिकाले हाल कक्षा १ देखि ८ सम्मको आफ्नो स्थानीय पाठ्यक्रम बनाईसकेको हुदाँ आगामी शैक्षिक सत्र देखि लागु हुने गरि स्थानीय भाषालाई समेत प्राथमिकतामा राखी हाम्रो सन्दकपुर कक्षा १ देखि ८ को सन्दर्भ सामाग्री लागू गरिनेछ।
- विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरिएको हुनाले विद्यालयमा हुने सबै प्रकारका क्रियाकलापहरुलाई पूर्ण अप्रासंगीक रुपमा शुन्य पारिने छ।
- विद्यालयहरुमा खेलमैदान र ईन्टरनेटको व्यवस्था गरिँदै लगिनेछ साथै विद्यार्थीहरुको चौतर्फी विकासको लागी अत्तिरिक्त क्रियाकलापहरु नियमित रुपमा संचालन गर्न विशेष योजनाहरु ल्याईनेछ।
- प्रत्येक विद्यालयहरुमा सफा,स्वच्छ खानेपानी र शौचालयको व्यवस्था गरिनेछ। साथै विभिन्न सरकारी एवं गैरसरकारी संस्थाहरुको सहयोग र सहकार्यबाट जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ । विद्यार्थीहरुको सामान्य स्वास्थ्य अवस्थाको प्रत्येक महिना परिक्षण गरिनेछ।
- अध्ययन,अनुसन्धान र विश्लेषणका आधारमा समुदायहरुसँग समन्वय गरि बनेको कार्य योजनालाई कार्यान्वयन गरिनेछ । शिक्षक तथा शिक्षिकाहरुलाई विषेश तालिमको व्यवस्था गरी उनीहरुको क्षमता अभिवृद्धि हुने कार्यक्रमहरु गरिनेछ।
- गुम्वा,गुरुकुल शिक्षालाई आधुनिक शिक्षा प्रणालीको मुलधारमा आवद्ध गरिनेछ । विद्यालयहरुलाई अपाङ्गमैत्री, बालमैत्री, महिलामैत्री, विद्यार्थीमैत्री बनाई शिक्षकहरुको उच्च मनोवलका साथ शिक्षण सिकाई गर्ने वातावरण तय गरिनेछ।
- अतिरिक्त कक्षा संचालन गरी विधार्थीहरुको स्थानीय स्तरमा सिकाई उपलब्धी परिक्षण गरी सिकाईलाई प्रभावकारी वनाईनेछ।
- निजी विद्यालयहरु राष्ट्रिय मापदण्ड अनुसार चलेको नचलेको अनुगमन तथा सुपरिवेक्षण गरी कडाईका साथ लागू गर्न लगाईनेछ।
- नेपाल सरकारले लिएको प्रत्येक विद्यालयका किशोरी छात्राहरुलाई सेनिटरी प्याड वितरण गर्ने नीतिलाई यस गाउँपालिकाले पनि अवलम्वन गरि थप कार्यक्रमको रुपमा छात्राहरुको स्वास्थ्यमा विशेष ख्याल राख्दै सेनिटरी प्याड आवश्यक पर्ने सबै विद्यालयहरुमा उपलब्ध गराईने छ।

- दिवाखाजा कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गर्दै लगिनेछ।
- विद्यालय बाहिर रहेका ६ बर्ष भन्दा मुनिका बालबालिकाहरुलाई प्रारम्भिक बाल विकासका माध्यमबाट विद्यालय पहुच सुनिश्चितता गरिने छ।
- विद्यालय नक्साङ्कनका आधारमा विद्यालयको तह वृद्धि वा कम गरिने छ।
- राष्ट्रपति रनिङ शिल्ड लगायतका विद्यालय खेलकुद क्रियाकलापलाई निरन्तरता दिईनेछ।
- विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहान अनुदान मार्फत कार्यसम्पादनमा उत्कृष्ट विद्यालयलाई प्रोत्साहान गरिनेछ।
- विपद्को समयमा सिकाई निरन्तरताका लागी सिकाई आपुरण तथा द्रुत सिकाई योजना कार्यान्वन गरिनेछ।
- सार्वजनिक विद्यालयका विद्यार्थीका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको) समेत प्रभावकारी रुपमा लागु गरिनेछ।
- माध्यामिक र आधारभूत तहमा अग्रेंजी,गणित,विज्ञान शिक्षण सहयोग अनुदान कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परिक्षण मूल्याङ्कन शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- प्राविधिक धारका विद्यार्थीहरुलाई प्रोत्साहान गर्नको लागि प्राविधिक धारका विद्यार्थीलाई आवश्यकताको आधारमा प्रोत्साहन रकम विनियोजन गरिनेछ।
- ८, १० र १२ को लागि विज्ञान, गणित र अंग्रेजी विषयको अतिरक्त कक्षा संचालन गरिनेछ।
- वालमैत्री विद्यालय प्रवर्धन तथा शैक्षिक गुणस्तर अभिवृद्धी कार्यक्रमलाई वडा नं ३,२,४ मा कार्यान्वयन गरिनेछ।
- वडागत सिलिङ्गबाट शैक्षिक सुधार कार्यक्रम तथा शिक्षक प्रोत्साहन कार्यक्रमलाई कार्यान्वयन गरिनेछ।
- सूचना प्रविधिसँग हातेमालो गरी प्रविधिको प्रयोग सहित विद्यालयहरुको सुशासन ब्यवस्थापनको लागि थप विद्यालयहरुमा विद्युतीय हाजिरी ब्यवस्थापन प्रणाली कार्यान्वयनमा लगिने छ।
- प्रति विद्यार्थी लागतको आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री ब्यवस्थाका लागि विद्यालयमा अनुदान वितरण गरिने छ।
- विद्यार्थीहरुलाई अतिरिक्त कृयाकलापमा आकर्षित गर्न हाजिरी जवाफ तथा बक्तित्वकला कार्यक्रम पालिका स्तरमा संचालन गरिनेछ।
- माध्यमिक विद्यालयहरुमा सेनेटरी प्याड डिस्पोजल मेसिन वितरण गरिनेछ।
- अविभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ।
- सामुदायिक तथा संस्थागत विद्यालयका ICT सँग सम्बन्धित शिक्षकहरुलाई तालिम संचालन गरिनेछ।
- परीक्षा संचालनमा स्तरीयता कायम गर्नको लागि वडागत रुपमा ४ र ५ को परीक्षा संचालन गरिनेछ।
- समुदाय तथा विद्यालयमा संचालनमा रहेका बालबिकास कक्षाकोठामा कार्पेट र चकटी वितरण गरिनेछ।

- माध्यमिक विद्यालयहरुमा म्युजिक ल्याव निर्माण कार्यक्रम सम्पन्न गरिनेछ।
- सामुदायिक विद्यालयहरुका लागि शिक्षक निर्देशिका वितरण गरिनेछ।
- कक्षा १ देखि ३ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ। स्थानीय पाठ्यक्रम सँग सम्बन्धित पाठ्यपुस्तक सन्दर्भसामाग्री छपाई तथा वितरण गरिनेछ।
- सबै सामुदायिक विद्यालयमा शैक्षणिक कार्यक्रममा प्रभावकारीता ल्याउन आवश्यकता अनुसार ICT मैत्री पुर्वाधार विकास गरिनेछ।

स्वास्थ्यः-

- विगतबाट पाठ सिक्दै महामारीजन्य रोगहरुको रोकथाम तथा नियन्त्रणलाई अत्यन्त गम्भीर र सम्वेदनशील कार्यको रुपमा लिई यसका लागि आवश्यक पर्ने सवै किसिमका व्यवस्थापनको लागि विषेश बजेटको व्यवस्था गरिनेछ।
- सबै स्वास्थ्य चौकीहरुमा स्वास्थ्यकर्मीहरुको व्यवस्था गरि अत्यावश्यक औषधीको निरन्तर उपलव्धता हुने व्यवस्था मिलाइनेछ।
- आकस्मीक रुपमा स्वास्थ्यमा जटिल समस्या आई राजधानी लगायत राजधानी बाहिरको अस्पातालमा हेलीकप्टर मार्फत विरामी लानु पर्ने अवस्था आउन सक्ने अवस्थालाई मध्यनजर गर्दै प्रत्येक वडामा एक एक वटा हेलीप्याडको व्यवस्था क्रमश: गरिनेछ। हाललाई वडा स्तरमा उपलब्ध खेलमैदान उपयोग गरिनेछ।
- संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी गाउँपालिकाका सवै स्वास्थ्य चौकीहरुबाट सबै नागरिकहरुलाई स्वास्थ्य सेवामा सहज,सुलभ र समान पहुँचको सुनिश्चितता प्रदान गरिनेछ।
- गाउँपालिकाका सवै वडाहरुमा दक्ष जनशक्ति,औषधी उपकरण, र स्वास्थ्यकर्मी सहितका स्वास्थ्य चौकी र घुम्ती गाउँघर क्लिनिक र खोप क्लिनिक सञ्चालनलाई निरन्तरता दिइनेछ।
- प्रत्येक घरधुरीमा स्वच्छ खानेपानीको व्यवस्था मिलाउने गरि काम अघि बढाईने छ।
- सवै वडाहरुमा सञ्चालनमा रहेका बर्थिङ्ग सेन्टरहरुलाई सुदृढ र प्रभावकारी बनाइनेछ। स्थायी पदपूर्ति नभइन्जेलसम्मका लागि बर्थिङ्ग सेन्टरमा आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ।
- स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन नागरिकहरुलाई जागरुक गराइनेछ। अपाङ्गता भएका अति विपन्न सेतो तथा पहेलो कार्ड प्राप्त व्यक्ति तथा परिवारको स्वास्थ्य बीमा गर्नमा पचास प्रतिशत रकम गाउँपालिकाले व्यहोर्ने छ।
- वृद्धवृद्धा,फरक क्षमता भएका नागरिकहरुको प्रत्येक महिनामा एक पटक स्वास्थ्य जाँच अनिवार्य रुपमा गरिनेछ तथा व्यक्तिगत सरसफाई र स्वास्थ्यका सर्ने तथा नसर्ने रोग सम्बन्धी जनचेतनामूलक कक्षा संचालन गरिनेछ।
- अपाङ्गता भएका नागरिकहरुलाई उनीहरुको दैनिक जीवनयापनलाई सहज तुल्याउन विषेश अपाङ्गमैत्री कार्यक्रमहरु ल्याईनेछ। साथै सवै स्वास्थ्य संस्थाहरुलाई जेष्ठ नागरिक मैत्री,बालमैत्री र किशोरकिशोरी मैत्री बनाउँदै लगिनेछ।

- प्रदेश सरकारसँग सहकार्य गरि अपाङ्गता रोकथाम कार्यक्रमलाई निरन्तरता दिईनेछ साथै युनिटी इन हेल्थ,बागमती समाज नेपाल र नयाँ विभिन्न साझेदार संघ संस्थाहरुसँग समन्वय गरी नागरिकको स्वास्थ्य हितको लागि विषेश कार्यक्रमहरु संचालन गरिनेछ।
- संघीय,प्रदेश र स्थानीय तहबाट दोहोरो नपर्ने गरि महिला सामुदायीक स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्सहान स्वरुप दिदै आएको मासिक रु. एक हजार लाई निरन्तरता दिईने छ।
- महिला सामुदायीक स्वास्थ्य स्वयंसेविकाहरुको पालिका र स्वास्थ्य चौकी स्तरिय स्वयंसेविका कोषलाई व्यवस्थित गरि सञ्चालन र व्यवस्थापन गरिने छ।
- आयुर्वेद सेवालाई विस्तार गरि वडा नं. २ मा मासिक क्लिनिक सञ्चालन भई राखेकोलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका परिसरमा चल्दै गरेको मासिक आयुर्वेद क्लिनिक सेवालाई निरन्तरता दिईनेछ।
- पालिका अन्तर्गतका मानसिक रोगीको पहिचान र औषधी वितरण कार्यलाई निरन्तरता दिईनेछ।
- विद्यालय, बालक्लब, युवा क्लब, टोल विकास संस्था लगायतको सहभागीतामा सकारात्मक विकासका लागि विभिन्न सरोकारवाला संघ संस्थाहरुसँग सहकार्य गरि योग शिक्षालाई टोलबस्ती स्तरसम्म लगिनेछ।
- २ वर्ष मुनिको वालवालिकाहरुलाई २४ महिना सम्म प्रत्येक महिना जाँच गर्न स्वस्थ्य बच्चाहरुको पहिचान गरी आमा र वुवालाई प्रोत्साहन गरिने छ।
- वालवालिकाको उचाइ अनुसरको तौल लिन प्रत्येक महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई उपकरण को ब्यवस्था मिलाइने छ।
- नसर्नै रोगको विरामीको संख्या बढदै गरेकोमा उच्च रक्तचाप र मधुमेहको विरामीहरु महिला स्वास्थ्य स्वयंसेविका मार्फत सबै गाउँ र टोलमा पहिचान गरि उपचारमा ल्याईनेछ।
- थप नसर्ने रोगको विरामी नहुने व्यवस्थापनको लागी स्वास्थ्य शिक्षा स्वस्थ्य आमा समूह मार्फत घरघरमा पुर्याईनेछ।
- फाल्गुण महिनालाई नसर्ने रोगको पहिचान गर्ने महिनाको रुपमा मनाईने छ।
- बैशाख महिनालाई खोप महिनाको रुपमा मनाईने छ।
- सन्दकपुर गाउँपालिकाका अधिकांश जनताको स्वास्थ्य उपचारको केन्द्रको रुपमा रहेको इलाम अस्पतालमा विशेषज्ञ डाक्टरहरुको दरबन्दीको तुलनामा न्यून मात्र पदपुर्ति हुने र पदपुर्ति भएका डाक्टरहरु समेत प्राय छोटो अवधिमा नै सरुवा भइ जाने कारण बिरामीहरु स्वास्थ्य उपचारका लागि अन्यत्र जानु पर्ने बाध्यताको सन्दर्भमा इलाम अस्पतालमा विशेषज्ञ डाक्टरहरुको सेवाको सुनिश्चितता, नियमितता र दीगोपनाका लागि मनोचिकित्सक विशेषज्ञ डाक्टरलाइ पर्याप्त रुपले उत्प्रेरित गर्ने गरि कार्य सम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था इलाम अस्पतालसँग सम्झौता गरि कार्यान्वयन गरिने छ।

युवा तथा खेलकुद:-

- युवा स्वरोजगार कार्यक्रमलाई विशेष प्राथमिकतामा राखी प्रधानमन्त्री रोजगार कार्यक्रमसँग जोड्दै लगी रोजगारीको अवसरहरु श्रृजना गर्दै लगिनेछ । गाउँपालिकामा संचालन हुने हरेक प्रकारका विकासका र अन्य गतिविधिहरमा युवाहरुलाई विशेष प्राथमिकताका साथ सहभागी गराईनेछ ।
- स्काउटिङ्ग र रेडक्रसका कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।
- नमुना युवा संसद कार्यक्रम मार्फत सन्दकपुरको सक्षम भावि पुस्ता निर्माण गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- जनताको आर्थिक जीवनलाई सहयोग पुग्ने कार्यक्रमहरु गाउँपालिकाको आफ्नै तथा लद्यु उद्यम विकास कार्यक्रम मार्फत ल्याईनेछ ।
- स्वास्थ्य, पर्यटन र राष्ट्रियताको लागि खेलकुद भन्ने नाराका साथ खेलकुद पर्यटनलाई प्रर्वद्धन गर्दै विभिन्न खेलकुदका गतिवधिहरु संचालन गरिनेछ । संघीय सरकारसँग सहकार्यमा एक वडा एक खेलमैदान निमार्ण गरिनेछ ।
- खेलकुदका सम्पूर्ण गतिविधि एवं कृयाकलापहरु सामाजिक विकास समिति मार्फत संचालन गरिने छ । साथै खेल लाई ब्यवसायीक र खेलाडी उत्पादन गर्न वडा स्तरीय लिग म्याच संचालन गरिने छ ।

लैंगिक समानता र सामाजिक समावेशिकरण,सुरक्षा र संरक्षणः

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले स्वीकृत गरेका कार्यक्रमहरुलाई विधिवत रुपमा संचालन गरिनेछ ।
- सन्दकपुर गाउँपालिकाको सवै घरधुरीहरु सर्वेक्षण गरि घर नम्बर उपलब्ध गराईनेछ ।
- सवै प्रकारका सामाजिक सुरक्षा भत्ताहरु आधुनिक,विश्वासनीय र सुविधाजनक बैंकिङ् प्रणाली मार्फत जनतालाई सेवा उपलब्ध गराई रहेकोमा उप्रान्त यी सेवालाई जनमुखी समयसापेक्ष र चुस्तदुरुस्त गरिनेछ ।
- महिला, जनजाती, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, गरिबहरुलाई कृषिजन्य र अन्य सीपमूलक कार्यमा संलग्न गराई आयआर्जन क्षमता विकास कार्यक्रममा जोड दिई यस संग सम्बन्धित नवप्रवर्तनकारी कार्यक्रमहरु ल्याईनेछ ।
- २०८२/०८३ को अन्त्य सम्ममा सन्दकपुर गाउँपालिकाका २ वटा वडालाई बाल मैत्री वडा घोषणा गरिने छ साथै यस सँगै गाउँपालिकाका ५ वटा वडा बाल मैत्री वडा घोषणा भई वाल मैत्री पालिका घोषणा भई सकेको हुने छ ।
- बाल अधिकारका चार वटा आयम पुरा गर्ने किसिमका कार्यक्रमहरु ल्याइने छ ।
- ज्येष्ठ नागरिकहरुलाई मनोबल बढाउन ज्येष्ठ नागरिक हित अनुकुल कार्यक्रमहरु ल्याईने छ।
- लक्षित वर्गको आवश्यकता र बजेटको उपलब्धताका आधारमा उक्त समुदायको जीवनस्तरमा परिवर्तन ल्याउने खालका योजना तथा कार्यक्रममा लगानी गरी जीवनस्तरमा सकारात्मक प्रभाव पार्ने कार्यक्रमहरु ल्याइने छ ।

- किशोरी समुहलाई सशक्त बनाई बाल विवाह न्युनीकरणमा सहयोगी भुमिका निर्वाह गर्ने कार्यक्रमहरु ल्याइने छ।
- गाउँवासीहरुको संस्कृति संरक्षण प्रवद्धन गर्न समुदायसँग समन्वय गरी आवश्यक कार्यक्रम ल्याइनेछ।
- गाउँपालिकामा सञ्चालन हुने सवै किसिमका कार्यक्रम र नीति निर्माण तहमा लैंगिक समता र सामाजिक समावेशीकरणलाई उच्च प्राथमिकता दिइनेछ।
- परम्परागत हिसावले जोखिमयुक्त कार्य जस्तै आरन संचालन गर्दै आएका दलित गैह्रदलित व्यवसायीहरुलाई उनीहरुको व्यवसायलाई आधुनिकिकरण गराउँदै यसलाई उत्पादनमुलक, रोजगारीमूलक क्षेत्रको रुपमा विकास प्रोत्सहान,संरक्षण र विकासको लागि विषेश कार्यक्रमहरु ल्याईनेछ।
- पञ्जीकरणको कार्यलाई छिटो छरितो र पारदर्शी बनाउन आधुनिक प्रविधिको प्रयोग गरी वैज्ञानकि पद्धतिमा रुपान्तरण गरिने छ।जसका लागि घटना दर्तालाई प्रोत्साहन गरी शतप्रतिशत पुर्याउने लक्ष्य रहेको छ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई पारदर्शी तथा प्रभावकारी बनाउन बायोम्याट्रिक भेरिफिकेशन (Biometric Verification) संघीय सरकारको निर्णयानुसार लागु गरिने छ।

**<u>ग. पूर्वाधार विकास क्षेत्रः</u>**

- दिगो विकास (Sustainable Development) समृद्धिको आधार भन्ने मुल नाराका साथ गाउँपालिकाको मेरुदण्डका रुपमा रहेका सडकहरुलाई क्रमिक रुपमा पक्की नाली सहितको बाह्रै महिना गाडी सञ्चालन हुने गरि बजेट विनियोजन गरिने छ। संघ र प्रदेश सरकारसँग समपूरक बजेटबाट निर्माण हुने सडकहरुलाई निरन्तरता दिई द्रुत गतिमा निर्माण गरिनेछ।
- यस आर्थिक वर्ष देखि सडक, पदमार्ग, पर्यटकिय स्थल, सिंचाई कुलो, खानेपानी र विशेष क्षेत्रहरुको वर्गिकरण गरी तदानुसार प्राथमिकताको आधारमा कार्यक्रम र योजनाहरु ल्याईनेछ।
- जनसहभागीतामूलक, पारदर्शी, वातावरणमैत्री, अनुशासित एवं स्वच्छ प्रतिस्पर्धामा आधारित विकास पद्धतीलाई जोड दिँदै उत्पादनमूलक एवं रोजगारीमूलक विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- पर्यटकीय क्षेत्रहरुमा पुग्ने सडकहरुको प्राथमिकताको आधारमा स्तरोन्नती गरिनेछ। साथै सन्दकपुर गाउँपालिकामा रहेका सबै ग्रामीण सडक र कृषि सडकहरुलाई क्रमश: स्तरोन्नती गरिनेछ।
- जनताका जनभावनाको सम्मान गर्दै धार्मिक आस्थालाई जोडनका लागि मन्दिर , गुम्वा र चर्चलाई निर्माण तथा संरक्षण गर्न अन्य विभिन्न स्रोतबाट बजेट तथा कार्यक्रमहरु ल्याईनेछ।
- संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरि दुईवटा वडाहरुलाई जोड्नको लागी (Motorable) गाडी जान सक्ने पक्की पुलको डि.पि.आर गरी योजनाहरु सञ्चालन गरिने छ। पर्यटकीय ,दैनिक उपभोग हुने कृषि पैदल पदमार्गहरुलाई क्रमैसँग सम्पन्न गरिनेछ। यात्रालाई सहज र सरल बनाउन झोलुङ्गे पुल र काठे पुल निर्माण मर्मतलाई निरन्तरता दिइनेछ।
- प्रदेश वा संघीय सरकारसंग स्थानीय सरकारले संयक्त लगानी गर्ने समपूरक बजेटबाट निर्माण हुने वा भईरहेको सडकहरुलाई बजेटको अभाव हुन नदिन गाउँपालिकाले यथेष्ट बजेटिङ गरि समयमै सम्पन्न गर्न विषेश पहलहरु गर्नेछ।

- निर्माण भएका र निर्माण गरिने सडकहरु सडक मापदण्ड अनुसार बनाईनेछ। सडक क्षेत्राधिकार Right of way लाई कायम गरिनेछ।
- संघीय सरकार र प्रदेश सरकारसंग समन्वय गरी गाउँपालिकाका सवै वडाहरुमा स्वास्थ्य चौकी र खोपकेन्द्र निर्माणलाई निरन्तरता दिइनेछ।
- सन्दकपुर सम्म पुग्ने मुख्य सडकहरुलाई गौरवको योजनाको रुपमा विकास गर्न संघीय सरकार ,प्रदेश सरकारसंग समन्वय गरी निर्माण कार्यलाई द्रुत गतिमा लगिनेछ।
- अन्तर स्थानीय तहलाई जोड्ने मुख्य सडकहरुलाई विशेष प्राथमिकतामा राखिनेछ।
- संघीय सरकार र प्रदेश सरकारसंग समन्वय गरी पर्यटन प्रर्वद्धनको लागि गाउँपालिका क्षेत्रमा रहेका पर्यटकीय स्थलमा पूर्वाधार निर्माण गर्ने नीति लिइनेछ।
- पर्यावरणीय सन्तुलन एवं वातावरणमैत्री विकास गर्ने पद्धतीको अवलम्बन गरिनेछ।
- सन्दकपुर गाउँपालिकाको केन्द्रमा रहेको देउराली बजारलाई सौन्दर्यकरण गर्न तथा सफा, व्यवस्थित र सुन्दर बनाउन आवश्यक बजेटको व्यवस्था गरी माथिल्लो सरकारसँगको समन्वयमा निरन्तरता दिईनेछ।

**घ.वन, वातावरण तथा विपद् व्यवस्थापनः-**

- सम्वेदनाहीन र अवैज्ञानिक विकास पद्धतीले गर्दा विश्वव्यापीरुपमा पृथ्वीको तापक्रम बढ्दै गई रहेको र यसको नकारात्मक प्रभावले ह्रास हुँदै गईरहेको पर्यावरणीय सन्तुलनलाई जोगाई राख्न गाउँपालिका क्षेत्र भित्र रहेका सीमसार क्षेत्र,पानीका मुहान,तालतलैया क्षेत्र र वनजंगललाई संरक्षण संवर्धन गर्ने नीति लिइनेछ जसको लागी दिगो विकासको अवधारणालाई अंगिकार गरी स्थानीयकरण गरिनेछ।
- प्रत्येक सामुदायीक र निजी जमिनहरुमा, वनक्षेत्रमा, खाली नाङ्गा स्थान र डाँडाहरुमा स्थानीय प्रजातीका वृक्षहरु रोप्ने नीति ल्याईनेछ। जसको लागि विभिन्न सरोकारवाला संघ संस्था सवै पक्षहरुसंग समन्वय र सहकार्य गरी कार्य अगाडी बढाईनेछ। स्थानीय प्रजातीका बोटविरुवालाईं स्थापित गरिदै लगिनेछ।
- विकास निर्माणका कार्यहरुलाई दिगो, वातावरणमैत्री र रोजगारमूलक वनाउँदै लगिने नीति अवलम्बन गरिनेछ।
- सवै युवायुवतीहरुलाई आवश्यकताको आधाारमा विपद् व्यवस्थापन सम्बन्धी तालिम दिईनेछ।
- जैविक अजैविक तत्वहरु जस्तै वन्य जन्तु, किराफट्ङ्ग्रा, बनजंगल र सुक्ष्म जीवजन्तुहरुको संरक्षण गरिनेछ।
- पर्यावरणीय सन्तुलन र स्वच्छ वातावरण राख्न कृषिमा प्रांगारिक तथा जैविक मल र जैविक विषादी उत्पादन गर्नेतर्फ जोड दिइने नीति अनुसार कार्यक्रमहरु ल्याईनेछ।
- गाउँपालिकाको समृद्धिको लागि वन जंगलको सदुपयोग गर्ने नीति अगाडी बढाइनेछ। वैज्ञानिक वन व्यवस्थापनको कार्यक्रम अन्तर्गत वनजन्य पदार्थ, जडीवुट्टी उत्पादन र सदुपयोग गर्ने कार्यक्रम अघि

वढाइनेछ । वन उपभोक्ता समितिका पदाधिकारीहरुलाई बनजंगलको संरक्षण र विकासको लागि विषेश तालिम दिईनेछ ।

- सन्दकपुर गाउँपालिकालाई नेपालकै सवै भन्दा हरियाली र अनुकरणीय स्थानीय तहको नमुना बनाउन विशेष कार्यक्रमहरु क्रमैसँग ल्याईनेछ ।
- गाउँपालिकामा आउने जुनसुकै विपद्लाई अनुकुलन, न्यूनिकरण बनाउनको लागि जनमानसमा सु-सुचित गराउने र विपद् व्यवस्थापनको लागि स्थानीय विपद् व्यवस्थापन समिति र स्थानीय जनशतिmलाई सु-सुचित गरी परिचालन गर्ने नीति लिइएको छ । यसका लागि आवश्यक सहकार्य र बजेटको व्यवस्थामा कुनै कमी नल्याईने र जनस्तरमा सचेतनामूलक कार्यक्रमहरुलाई विषेश प्राथमिकतामा राखिनेछ । विपद्का लागी सरोकारवाला निकायहरुसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ । यसै आ.व मा विपद् उत्थानशील योजना र प्रतिकार्य योजना तयार गरी लागू गरिनेछ ।
- जलवायू परिवर्तन र त्यसले पार्ने प्रभावको वारेमा जनमानसलाई सु-सुचित गराउने नीति लिइनेछ ।
- हरित सडक निर्माण गरि वातावरण सन्तुलन र सौन्दर्यकरण गरिने छ ।
- संघीय सरकार र प्रदेश सरकारसँगको साझेदारीमा आगलागी र मनसुनजन्य निजी निवासहरुको प्रवलिकरण र निर्माण कार्यक्रमलाई प्राथामिकताका साथ स्थलगतरुपमा प्राविधिक कर्मचारी खटाई कोवोकलेक्टको माध्यमबाट विवरण संकलन तथा प्रविष्टिका आधारमा अनुदान उपलव्ध गराइनेछ ।
- संघिय सरकार, प्रदेश सरकारसंग सहकार्य र समन्वय गरी खानेपानी आपूर्ति र सरसफाईमा विशेष जोड दिइनेछ । गाउँपालिकाको प्रत्येक वडाहरुका बजारहरुको फोहर मैला व्यवस्थापन गर्न ल्याण्ड फिल्ड साईडहरुको क्रमश : व्यवस्थापन गरिनेछ ।
- भू उपयोग कार्यन्वयनका लागि नीति तय गरिने छ । जग्गा वर्गीकरण भए अनुरुपको मापदण्ड कार्यान्वयन गरिनेछ ।
- सामुदायिक वन कार्ययोजनामा पर्यटन गतिविधि समावेश गरी पर्यटन प्रवद्धनमा सहयोग पुर्याइनेछ ।
- वातावरणमैत्री सडक तथा अन्य भौतिक पुर्वाधार निर्माण गर्नको लागि मुख्य सडक तथा अन्य पुर्वाधारहरुको प्रारम्भिक वातावरणीय अध्ययन/सर्वेक्षणको कामलाई क्रमैसँग अगाडी बढाइनेछ ।

**ङ. सुशासन तथा संस्थागत विकास क्षेत्रः-**

- गाउँपालिकाको प्रशासनलाई छिटो ,छरितो, पारदर्शी, प्रविधिमैत्री र सेवाग्राहीमैत्री भ्रष्टचार शुन्य सहनशीलता नीति अपनाईनेछ । एकीकृत घुम्ती सेवा, घर दैलो सेवा जस्ता कार्यक्रमहरु नियमित रुपमा गरिनेछ ।
- पंजिकरणको कार्यलाई छिटो, छरितो पारदर्शी गरी आधुनिक प्रविधिको प्रयोगबाट बैज्ञानिक पद्धतिमा रुपान्तरण गरिनेछ ।
- संघीय सरकार, भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँगको साझेदारी कार्यक्रम गरिब परिवार पहिचान तथा परिचय–पत्र वितरण कार्यक्रमलाई निरन्तररुप संचालन गरिनेछ ।

- प्रशासनिक सेवालाई विगतमा भन्दा राम्रो, छिटो र सेवामुखी बनाईनेछ।
- भूक्तानी प्रणालीलाई वैज्ञानिक र पारदर्शी बनाईने नीति लिईनेछ जसको लागि अवलम्वन गरिने कार्यविधिहरुको तर्जुमा गरी लागू गरिनेछ।
- पुरस्कार र दण्डको नीति अवलम्बन गरिनेछ । प्रत्येक वर्ष गाउँपालिका भरिका विभिन्न सेवाका कर्मचारीहरु मध्येबाट उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरिनेछ।
- गाउँपालिकाको आवधिक तथा गुरु योजनालाई पुर्ण रुपमा आत्मासाथ गरी कार्यहरु गरिनेछ।
- संघीय तथा प्रदेश सरकारले लिएको नीतिलाई कार्यान्वय गरिनेछ।
- प्रहरीसँग सहकार्य गरी जनताको जीउधनको सुरक्षा गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- नागरिक सुरक्षा र सचेतनाको लागी जनतासंग प्रहरी कार्यक्रमलाई अझ प्रभावकारी बनाइनेछ।
- गाउँपालिकाको सवै शाखा तथा समितिहरुलाई सक्रिय बनाउने नीति लिईनेछ। न्याय सम्पादन कार्यलाई छिटो ,छरितो ,पारदर्शी, प्रवीधिमैत्री बनाईनेछ।
- न्यायीक समितिमा दर्ता हुने विवाद मुद्दाहरुको समयमा नै किनाराको प्रवन्ध मिलाइनेछ। मेलमिलाप र मध्यस्ततालाई प्रोत्साहन गरी समाज र टोलमा शान्ति सुव्यवस्था र अमनचयन स्थापनामा पहल गरिनेछ। विवादहरुलाई मेलमिलापकर्ताहरु मार्फत मेलमिलाप र मध्यस्थ गराउने व्यवस्थाका लागि स्रोत र मेलमिलाप केन्द्रको व्यवस्थापन र क्षमता विकास गरिनेछ। विवाद दर्तालाई सफ्टवेयरमा आधारित वनाइनेछ।
- संचार क्षेत्रको विकासको निम्ति पूर्णकालीन रुपमा स्थानीय तहमा रही पत्रकारीता गर्ने पत्रकारहरु तथा मिडिया हाउसलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।
- संचार क्षेत्रको विकास तथा प्रवर्धन गर्नका लागि गाउँपालिकालमा संचार नीति तथा कानून निर्माण गरि लागु गरिनेछ।
- समाजमा विद्यमान कुरीतीको रुपमा रहेको अन्धविश्वास र सामाजिक सद्भभावमा विचलन ल्याउने सवै प्रकारका व्यवहारहरुलाई निरुत्साहित गरिनेछ।
- कार्यपालिकाको निर्णयहरु, न्यायिक समितिको निर्णयहरु सार्वजनिक र विकास निर्माण तथा पालिकाका अन्य सवै योजना कार्यान्वयन गतिविधिहरुको सार्वजनिक सुनुवाई चौमासिक रुपमा प्रविधिको प्रयोग समेत गरि गरिनेछ।
- जनतालाई सुशासन र आफ्नो अधिकार र कर्तव्यहरु प्रति स-सुचित गरिनेछ।
- गाउँपालिका भित्रका सामाजिक विभेद, छुवाछुत, घरेलु हिंसा, बोक्सी प्रथा जस्ता कुसंस्कार र अमानवीय क्रियाकलापहरु विरुद्ध सामाजिक सचेतना अभियान चलाइनेछ।
- फरक क्षमता भएका नागरिकहरुलाई उनीहरुको शारीरिक क्षमता र बौद्धिक क्षमताका आधारमा आत्मनिर्भर बन्न सक्ने सिप र क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।
- बालबालिकाको सम्मान सहित बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागितालाई कार्यान्वयन गर्ने नीति लिइनेछ।

- गाउँपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी तथा सामुदायिक विद्यालयहरुमा CCTV जडान तथा ई- हाजिरी अनिवार्य गर्दै लगिनेछ।
- गाउँपालिका र वडा कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था गरि नागरिकको सूचना प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरिनेछ।
- सार्वजनिक सुनवाई , सामाजिक परिक्षण, बेरुजु फछर्यौट, आन्तरिक नियन्त्रण प्रणाली, वित्तिय अनुशासन तथा जोखिम न्यूनीकरण कार्यलाई निरन्तरता दिइनेछ।
- संघ र प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान, समपुरक अनुदानको लागि आवश्यक बजेटको व्यवस्था मिलाई योजनाहरु कार्यान्वयमा ल्याउने व्यवस्था मिलाईनेछ।
- कोषहरुको संचालन गर्नको लागि आवश्यक कानुनको निर्माण गरि संचालन गरिनेछ।
- सुशासनको प्रत्याभूती दिलाउँदै विद्युतिय शासनको अवधारणालाई साकार बनाउँदैं लगिनेछ।

**धन्यवाद**

**तुलाराम गुरुङ्ग**
**सभाअध्यक्ष**

**२.३.प्रशासनिक (चालू) र पुँजीगत खर्चः**

**आ.व. २०८२/०८३ को आम्दानी तथा खर्चको विवरण**

यस आर्थिक वर्षमा कुल रु. ४३६१८२२१४ (अक्षेरुपी त्रिचालसि करोड एक्सठ्ठी लाख बयासी हजार दुई सय चौध रुपैया) बजेट विनियोजन गरिएको छ। जस मध्ये शर्शत अनुदान, संघ समपुरक अनुदान, विषेश अनुदान, जनसहभागिता रकम बाहेक संघीय समानीकरण अनुदान, संघ राजश्व वाँडफाड, प्रदेश समानीकरण अनुदान, प्रदेश समपूरक, प्रदेश राजश्व वाँडफाड, गाउँपालिकाको आन्तरिक श्रोत रकम गरी गाउँपालिकाले बजेट बाँडफाड गर्ने रकम रु.१९,७५,०५,३८४ ( अक्षेरुपी उन्नाइस करोड पचहत्तर लाख पाँच हजार तीन सय चौरासी रुपैया मात्र ) रहेको छ।

**२.३.१.गाउँपालिकाको आम्दानी खर्चको कुल विवरण निम्नानुसार रहेको छ ।**

| सि.न. | आय स्रोत | आय रकम | सि.नं. | व्यय शिर्षक | व्यय रकम |
|---|---|---|---|---|---|
| १. | आन्तरिक आम्दानी | २४४८६३६३ | १. | आर्थिक विकास | ५११७८४६० |
| | | | २. | सामाजिक विकास क्षेत्र | २११५५७५०० |
| २. | जनसहभागिता | ५७३३८३० | ३. | पुर्वाधार विकास क्षेत्र | ६२००३५७२ |
| ३. | संघीय सरकार समानीकरण अनुदान | ८४०००००० | ४. | सुशासन तथा अन्तर सम्बन्धीत क्षेत्र | २१५४२८३० |
| ४. | प्रदेश सरकार समानिकरण अनुदान | ७२९५००० | ६. | प्रशासनिक खर्च | ८९८९०८५२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | संघिय सरकार राजश्व बाँडफाँड | ७८२८८०२१ | | | |
| ६. | प्रदेश सरकार सवारी साधन कर | ६१२४००० | | | |
| ७. | प्रदेश सरकार समपुरक अनुदान | १४०००००० | | | |
| ८. | संघिय सरकार सर्शत अनुदान चालु | १५८३०००००० | | | |
| ९. | संघिय सरकार सर्शत अनुदान पुँजिगत | ३०६०००००० | | | |
| १०. | प्रदेश सरकार सर्शत अनुदान चालु | ९८०००० | | | |
| ११. | प्रदेश सरकार सर्शत अनुदान पुँजिगत | ६८५०००० | | | |
| १२. | संघिय सरकार समपूरक अनुदान | ८७०००००० | | | |
| १२. | संघिय सरकार बिशेष अनुदान | १०४०००००० | | | |
| | जम्मा | ४३६१८२२१४ | | जम्मा | ४३६१८२२१४ |

**३.गाउँसभाबाट पारित गरिएका महत्वपूर्ण निर्णयको लागि प्रस्तावहरुः-**

**क) गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम सम्बन्धी प्रस्तावहरुः**

१. टोल विकास स्वयंसेवी संस्था/उपभोक्ता समितिमार्फत वजेट तथा कार्यक्रमको कार्यान्वयन गर्न कम्तीमा १५% ले हुन आउने रकम जनसहभागीता गर्ने नीति अनिवार्य रुपले लागू गर्ने प्रस्ताव गरिएको छ र योजनाको पालिकाबाट भुक्तानी हुने रकमबाट ५% रकम धरौटी वापत कट्टा गरी आयोजना सम्पन्न भएको एक बर्ष पश्चात नियमानुसार फिर्ता गर्ने व्यवस्था गरिने छ । आगामी आर्थिक वर्षको भाद्र १५ गते भित्र टोल विकास स्वयंसेवी उपभोक्ता संस्थाहरुको लेखा परीक्षण सम्पन्न गरी योजना शाखामा नविकरण गरिसक्नु पर्नेछ । अन्यथा योजना सम्झौता गरिने छैन । जस अन्तर्गत सम्झौता र कार्यदेश प्राप्त हुनु अघि अग्रिमरुपमा १५ % जनसहभागीताको नगद रकम जम्मा गरे पछि मात्र पहिलो भूक्तानी वा अन्तिम वील भूक्तानी गरिनेछ अन्यथा कार्यालय भुक्तानी दिन वाध्य हुने छैन। सामाग्री तथा औजार खरिद गरी निर्माण गर्नू पर्ने किसिमका आयोजनाहरुलाई मात्र नियमानुसार पेश्की उपलब्ध गराईनेछ। अनुगमन समितिले अनुगमन गरे पश्चात वडा कार्यालयको सिफारिस अनुसार सिफारिसकर्तालाई जवाफदेही, उत्तरदायी र जिम्मेवार बनाई भूक्तानी गर्न प्रस्ताव गरिएकोछ।

२. सार्वजनिक पद र कुनै पनि गाउँपालिका स्तारिय समिति,संस्था र राजनितिक दलको महत्वपूर्ण अध्यक्ष, सचिव र कोषाध्यक्ष पदमा बसेको पदाधिकारी टोल विकास संस्थामा बस्न नपाउने भनी प्रस्ताव गरिएको छ । यसलाई कडाईका साथ कार्यन्वयनमा लान प्रस्ताव गरिएको छ।

३. टोल विकास संस्थामा डोजर मालिक र विचौलिया बस्न पाउने छैन, सो पाईएमा कानुन अनुसार कारबाही गर्न प्रस्ताव गरिएको छ ।

४. यस गा.पा क्षेत्र भित्र कुनै पनि ह्यावी ईक्यूपमेन्ट जस्तै डोजर वा मेसिनरी औजार सञ्चालन गर्नुपरेमा अनिवार्यरुपमा यस गाउँपालिकामा सूचिकृत गरी सञ्चालन अनुमति पत्र लिनु पर्नेछ। सूचिकृत र अनुमति नलिई कार्य सञ्चालन गरेमा गाउँपालिकाको कार्यालय भूक्तानी दिन बाध्य नहुने प्रस्ताव गरिएको छ।

५. गत वर्षको राजश्व र व्ययको यथार्थ विवरण,चालू आर्थिक वर्षको संशोधित अनुमान तथा आ.ब.२०८२/०८३ को लागि यस गाउँपालिकाको अनुमानित आय ब्यय सहितको नीति कार्यक्रम तथा बजेट (विनियोजन ऐन, २०८२), आर्थिक ऐन २०८२ र मध्यकालीन खर्च संरचना स्वीकृतिको प्रस्ताव गरिएको छ।

६. गाउँपालिकाको आन्तरिक आय राजश्व (जस्तै  कर ,दस्तुर सिफारिस शुल्क) पहिचान गर्ने कार्यको लागि आय प्रक्षेपण तथा पहिचान गरि कार्यान्वयन गर्ने प्रस्ताव गरिएको छ।

७. आ.ब.०८२/८३ को लागि प्रचलित कानूनको अधिनमा रही राजश्व परामर्श समितिबाट प्रस्तुत प्रस्तावित दररेटहरु गाउँकार्यपालिकाको बैठकले स्वीकृत गरी कुनै वस्तु वा सेवाहरुको दररेट छुटेको हकमा गाउँकार्यपालिकाले गाउँसभाबाट पछि अनुमोदन गर्ने गरी निर्णय गरी कार्यान्वयन गर्न सक्ने प्रस्ताव गरिएको छ।

८. जिम्मेवारी अनुसार कार्यालयको काम कारवाहीलाई छिटो, छरितो ,पारदर्शी गरी जनमुखी सेवा दिने उद्देश्यले कामको चाप र प्रकृति अनुसारको प्रत्येक शाखाको कारवाहीलाई चुस्त तथा मितव्ययी समय सापेक्ष संगठनलाई सुधार गर्न आवश्यक पर्ने निर्णयहरु र दरवन्दी अनुसारका कर्मचारीहरुको वृति विकास तथा पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा माग गर्न सभाको स्वीकृतिका लागि कार्यपालिकाको निर्णय अनुसार प्रस्ताव गरिएको छ।

९. गाउँपालिकाले सम्पादन गरेको विविध विकास गतिविधिहरु नागरिक समक्ष जानकारी गराउन बुलेटिन, विद्युतीय माध्यमबाट सूचना प्रकाशन, गाउँ सूचना पुस्तिकाहरु,खर्चको फांटवारी प्रकाशन गर्ने,प्रत्येक वडा तथा गाउँपालिकास्तरीय सार्वजनिक सुनुवाई प्रत्येक चौमासिकरुपमा अनिवार्यरुपमा गर्नुपर्ने प्रस्ताव गरिएको छ।

१०. यस गाउँपालिकाबाट सम्पादन हुने विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहका सम्बन्धमा सार्वजनिक सुनुवाई,सार्वजनिक तथा सामाजिक लेखा परिक्षणगर्ने कार्यलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्ने प्रस्ताव गरिएको छ।

११.गाउँ कार्यपालिका कार्यालयबाट गाउँसभाको बैठकमा पेश गरिएको आ.ब.२०८१।०८२ मा सम्पन्न भएका र विगत वर्षका विषयगत क्षेत्रका सवै योजना तथा कार्यक्रमहरुको आर्थिक तथा भौतिक प्रगतिको लिखत  प्रतिवेदनलाई पेश गरिएको छ।

१२.गाउँपालिकाको एकीकृत र योजनाबद्ध विकासको लागि गाउँ कार्यपालिकाबाट अनुमोदन भएको प्रस्ताव पेश गरिएको छ।

१३.गाउँपालिका अन्तर्गत चालु तथा पुँजीगत खर्चको विनियोजित रकम सम्बन्धित क्षेत्रमा Line Items मा प्रदान गर्ने प्रस्ताव गरिएको छ।

१४.गाउँपालिकामा लगाइने कर, दस्तुर,शुल्क आदिको दर र ठेक्का अंक रकम यस गाउँसभाबाट स्वीकृत गर्ने प्रस्ताव गरिएको छ।

१५.गाउँपालिकाको कार्यसम्पादनका सिलसिलामा आवश्यक पर्ने अन्य सवै प्रशासनिक कार्यहरु गर्न प्रमुख प्रशासकीय अधिकृतलाई पूर्ण अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव गरिएको छ।

१६.गाउँपालिकालाई प्राप्त हुने संघीय तथा प्रदेश अनुदान,राजश्व बाँडफाड र आन्तरिक राजश्व लगायतका अन्य श्रोतहरु स्थानीय संचित कोषमा जम्मा गरी सो अन्तर्गतको चालु तथा पुँजीगत खर्च कार्यक्रमहरुमा विनियोजित रकम अनुसार योजना तथा बार्षिक कार्यक्रम संचालन गर्न प्रस्ताव गरिएको छ। साथै हालसम्म संचित कोषमा जगेडा रहेको रकमलाई कार्यपालिकाबाट निर्णय गरि गाउँसभाबाट अनुमोदन हुने गरि कार्यहरुमा खर्च गरिने प्रस्ताव गरिएको छ। साथै प्राप्त हुने वजेट समयमै प्राप्त नभइ भुक्तानी समस्या देखिएकोले कार्यालयको आर्थिक प्रशासन शाखासँग समन्वय गरेर मात्र खरिद योजना अनुसार तोकिएको समयमा मात्र वजेट सुनिश्चित भएपश्चात कार्यारम्भ गर्न प्रस्ताव गरिएको छ।

१७.संघिय सरकार ,प्रदेश सरकार, स्थानीय सरकार र अन्य निकायहरुसँग सहकार्य सहभागीतामूलक पद्धतिमा टोल,बस्ती हुँदै वडा सभावाट प्राथमिकतामा परि बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका तरश्रोतको अभावले गर्दा गाउँसभाले विकास योजनामा समावेश हुन नसकेका तर महत्वपूर्ण आयोजनाहरु प्राथमिकताका आधारमादेहाय बमोजिम संघीय सरकार, प्रदेश सरकार,सडकबोर्ड तथा अन्य निकायहरुसँग सहकार्य समन्वय गरी सम्वन्धित निकायमा माग गरि कार्यान्वय गरिनेछ।

**संघीय सरकारलाई माग गर्ने योजनाहरु:**

| क्र.स | योजनाको नाम | योजना स्थल | अनुमानित लागत रु. हजारमा | माग गरिने सरकार वा निकाय | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १. | माईपोखरी रामसार क्षेत्र पुर्वाधार विकास | सन्दकपुर १ | | संस्कृति, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय | गा.पा.को गौरवका योजना |
| २. | सन्दकपुर पर्यटन पुर्वाधार निर्माण | सन्दकपुर २ र ४ | | संस्कृति, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय | गा.पा.को गौरवका योजना |
| ३. | रेडपाण्डा प्रजनन तथा संरक्षण क्षेत्र टप्पु | सन्दकपुर १,२ र ३ | | संघिय सरकार | गा.पा.को गौरवका योजना |
| ४. | टोड्के झरना पर्यटन पुर्वाधार निर्माण | सन्दकपुर २ | | संस्कृति, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय | गा.पा.को गौरवका योजना |
| ५. | एक वडा एक नमुना विद्यायल | सन्दकपुर गाउँपालिका | | प्रदेश सरकार | गा.पा.को गौरवका योजना |
| ६. | छिन्टापु पर्यटन पुर्वाधार निर्माण | सन्दकपुर १ र २ | | संघीय सरकार | गा.पा.को गौरवका योजना |
| ७. | देउराली बजार ढल तथा खानेपानी व्यवस्थापन | देउराली बजार | | सहरी विकास मन्त्रालय | गा पा.को गौरवका योजना |
| ८. | चांप गैरी छागे आलुवारी अधिकारी विखे भन्ज्याङ सडक | सन्दकपुर १ | | भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय | गा पा.को गौरवका योजना |
| ९. | डम्बरसिंह सुनुवार बहुसंस्कृतिक संग्रहालय निर्माण | देउराली बजार | | संघीय र प्रदेश सरकार | गा.पा.को गौरवका योजना |
| १०. | जडिवुट्टी प्रशोधन तथा अनुसन्धान केन्द्र स्थापना | सन्दकपुर गा पा | | संघीय सरकार | गा.पा.को गौरवका योजना |
| ११. | बुङगे खोपी विस्तारे सुनुवार गाउँ राम खर्क सडक | सन्दकपुर २ | | भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय | गा पा.को गौरवका योजना |
| १२. | सानीमाई टारी जमुना जौबारी सडक | सन्दकपुर ३ र ५ | | भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय | गा पा.को गौरवका योजना |
| १३. | ताल गाउँ चिया कारखाना माबु कालपोखरी सन्दपुर सडक | सन्दकपुर ३ र४ | | भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय | गा पा.को गौरवका योजना |
| १४. | जौवारी ईङ्ला पाटीगाउँ सापकोटा डाँडा टारी देउराली सडक | सन्दकपुर २,३ र ५ | | भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय | गा पा.को गौरवका योजना |
| १५. | जमुना वृहत खानेपानी योजना | सन्दकपुर ५ | | खानेपानी मन्त्रालय | गा.पा.को गौरवका योजना |
| १६. | विखे भन्ज्याङ माइपोखरी वडा नं.१ पर्यटन पुर्वाधार | सन्दकपुर १ | | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | गा पा.को गौरवका योजना |
| १७ | हागेथाम पर्यटन पुर्वाधार | सन्दकपुर ५ | | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | गा.पा.को गौरवका योजना |
| १८ | माईपोखरी देउराली टप्पु छिन्टप्पु | सवै | | संस्कृति, पर्यटन तथा नागरिक | गा.पा.को गौरवका |

| | | | | | |
|---|---|---|---|---|---|
| | सन्दकपुर जौवारी ढापपोखरी पदमार्ग | | | उड्डयन मन्त्रालय | योजना |
| १९ | विधुतीकरण वडा नं. १,२,३,४ र ५ | सन्दकपुर | | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | गा.पा.को गौरवका योजना |
| २० | कालपोखरी, विखेभन्ज्याङ रंगशाला निर्माण | सन्दकपुर ४ र २ | | ओलम्पीक कमिटि | गा.पा.को गौरवका योजना |
| २१ | नमूना साँस्कृतिक गाउँ निर्माण | सन्दकपुर | | सस्कृती,पर्यटन तथा नागरिक उड्यान मन्त्रालय | गा.पा.को गौरवका योजना |
| २२ | सरस्वती उच्च माध्यमीक विद्यालयलाई स्नातक सम्म संचालन गर्न अनुमति माग गर्ने र गाउँपालिका स्तरीय नमुना विद्यालय बनाउने | सन्दकपुर ३ | | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | गा.पा.को गौरवका योजना |
| २३ | देउराली होङ्ग्रे सडक | वडा नं. १ | | कोशी प्रदेश सरकार | |
| २४ | सानीमाई तीन मैने वडा भवन सडक | वडा नं. ३ | | कोशी प्रदेश सरकार | |
| २५ | देउराली जितपाले टेकेगोलाई राममखर्क सडक | वडा नं. २ | | कोशी प्रदेश सरकार | गा.पा.को गौरवका योजना |
| २६ | नर्सरी उत्पादन तथा वृक्ष रोपण कार्यक्रम | सवै वडा | | कोशीं. प्रदेश सरकार | |
| २७ | देउराली छोक्रे सडक | वडा नं. ३ | | कोशी प्रदेश सरकार | |
| २८ | गैरीगाउँ टोड्के झरना सडक | वडा नं. २ र ३ | | कोशी प्रदेश सरकार | |
| २९ | भानुदय सिक्रे पिप्ले मिरिक दोवाटे सडक | ४ र ५ | | कोशी प्रदेश सरकार | |
| ३० | बुधवारे गोरुवाले सन्दकपुर सडक | वडा नं. २ | | कोशी प्रदेश सरकार | |
| ३१ | सात खाल्डे शहिद रंगशाला निर्माण | वडा नं. ३ | | कोशी प्रदेश सरकार | गा.पा.को गौरवका योजना |
| ३२ | फेमे गुरु खेल मैदान | वडा नं. २ | | कोशी प्रदेश सरकार | गा.पा.को गौरवका योजना |
| ३३ | हाङवादिन खेल मैदान मावु | वडा नं. ४ | | कोशी प्रदेश सरकार | गा.पा.को गौरवका योजना |
| ३४ | कालपोखरी स्वास्थ्य चौकी | वडा नं. ४ | | कोशी प्रदेश सरकार | गा.पा.को गौरवका योजना |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५ | गोठसुधार कार्यक्रम | गाउँपालिका | | कोशी प्रदेश सरकार | गा.पा.को गौरवका योजना |
| ३६ | प्राङगारीक मल उत्पादन कार्यक्रम | गाउँपालिका | | कोशी प्रदेश सरकार | गा.पा.को गौरवका योजना |
| ३७ | पशुजन्य साना उद्योग प्रद्धन कार्यक्रम | गाउँपालिका | | कोशी प्रदेश सरकार | गा.पा.को गौरवका योजना |
| ३८ | माईपोखरी स्वास्थ्य चौकी भवन निर्माण | सन्दकपुर ०१ | | संघीय सरकार | गा.पा.को गौरवका योजना |
| ३९ | माईपोखरी र ई न पा विचको पुवाखोला वडा नं ३ जोड्ने पक्की पुल | सन्दकपुर ०१ | | संघीय सरकार | गा.पा.को गौरवका योजना |
| ४० | सुलुबुङ आहाले जमुना माईटार माईखोला पक्की पुल | सन्दकपुर ०३ र ०५ | | संघीय सरकार | गा.पा.को गौरवका योजना |
| ४१ | बहुआयमिक कवडहल निर्माण | सन्दकपुर गा पा | | संघीय प्रदेश वा स्थानीय सरकार | गा.पा.को गौरवका योजना |
| ४२ | पशुपन्छी अस्पताल निर्माण | सन्दकपुरगा पा | | संघीय सरकार | गा.पा.को गौरवका योजना |
| ४३ | पाराग्लाईडिङ सम्भावना अध्ययन तथा संचालन | सवै वडाहरु | | संघीय र प्रदेश सरकार | गा.पा.को गौरवका योजना |
| ४४ | टोड्के खेल मैदान | सन्दकपुर २ | | संघीय र प्रदेश सरकार | गा.पा.को गौरवका योजना |
| ४५ | सुम्नीमा पारुहाङ्ग स्मृती पार्क | सन्दकपुर २ | | संघीय र प्रदेश सरकार | गा.पा.को गौरवका योजना |
| ४६ | वडा नं. ३ तल्ला थप | सन्दकपुर ३ | | संघीय र प्रदेश सरकार | गा.पा.को गौरवका योजना |
| ४७ | बन्दुके प्रहरी चौकी भवन | सन्दकपुर ३ | | संघीय सरकार | गा.पा.को गौरवका योजना |
| ४८ | सरस्वती मा.वि पक्की भवन | सन्दकपुर ३ | | संघीय र प्रदेश सरकार | गा.पा.को गौरवका योजना |
| ४९ | माईखोला जलाधार तट्बन्ध तथा वृक्षारोपण आयोजना | सन्दकपुर ३ | | संघीय र प्रदेश सरकार | गा.पा.को गौरवका योजना |
| ५० | विशेष होदुलाल सडक | सन्दकपुर ४ | | संघीय र प्रदेश सरकार | गा.पा.को गौरवका योजना |

| | | | | | |
|---|---|---|---|---|---|
| ५१ | फागोगाउँ फेमेगुरु झो.पु | सन्दकपुर ४ र २ | | संघीय र प्रदेश सरकार | गा.पा.को गौरवका योजना |
| ५२ | पक्कुगाउँ बालनिकेतन झो.पु | सन्दपकुर ४ र ३ | | संघीय र प्रदेश सरकार | गा.पा.को गौरवका योजना |
| ५३ | पाखागाउँ जमुना झो.पु | सन्दपकुर ४ र ५ | | संघीय र प्रदेश सरकार | गा.पा.को गौरवका योजना |
| ५४ | हाङ्गमादेन सिंचाई योजना | सन्दकपुर ४ | | संघीय र प्रदेश सरकार | गा.पा.को गौरवका योजना |
| ५५ | गजुरमान चौतारा (सन्दकपुर ३ ) र भालुखोप डाँडा (इ.न.पा २- जोड्ने झो.पु | सन्दकपुर ३ | | संघीय सरकार | |

**प्रदेश सरकारलाई माग गर्ने योजनाहरु:**

गाउँपालिकाको विगतका आर्थिक वर्ष र यस आ.व.२०८२/०८३ र क्रमश निम्नानुसारका योजना तथा कार्यक्रमहरु प्रदेश सरकारमा माग गर्ने भनी निर्णय बजेट तथा कार्यक्रम तर्जुमा समितिले स्वीकृत गरी कार्यपालिकाको वैठकबाट अनुमोदन भएको र यसलाई गाउँसभामा प्रस्ताव गरिएको छ।

| सि नं. | योजनाको नाम | कार्यान्वयन हुने स्थान | लागत अनुमान हजारमा | स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्रीहाँङजी मुहानबाट मावु बृहत खानेपानी योजना | सन्दकपुर ०४ | | प्रदेश सरकार | |
| २. | खेलमैदान सन्दकपुर ०५ | सन्दकपुर ०५ | | प्रदेश सरकार | |
| ३. | खेलमैदान सन्दकपुर ०४ | सन्दकपुर ०४ | | प्रदेश सरकार | |
| ४. | पहिरेपानी खाआयोजना .पा. | सन्दकपुर ०१ | | प्रदेश सरकार | |
| ५. | पुवाखोला आलुवारी छाँगे भित्ते सिचाई आयोजना | सन्दकपुर ०१ | | प्रदेश सरकार | |
| ६. | सानीमाई लुरिङटार टारी खा पा | सन्दकपुर ०३ | | प्रदेश सरकार | |
| ७. | मलाते खोल्सी मुहान खा पा | सन्दकपुर ०३ | | प्रदेश सरकार | |
| ८. | चैते खोला टारीवेसी सिचाई | सन्दकपुर ०३ | | प्रदेश सरकार | |

| | | | | | |
|---|---|---|---|---|---|
| | आयोजना | | | | |
| ९. | उतीसे धापपोखरी खा पा | सन्दकपुर ०५ | | प्रदेश सरकार | |
| १०. | लामीझोड नुनथला मझवा बृहत खा पा आयोजना | सन्दकपुर ०५ | | प्रदेश सरकार | |
| ११. | तीनघरे देखि थान दाङ्से माईटार खा पा योजना | सन्दकपुर ०५ | | प्रदेश सरकार | |
| १२. | फुस्ने पोखरी कालिका पोखरी संरक्षण | सन्दकपुर ०२ | | प्रदेश सरकार | |
| १३. | लालबास पोखरी संरक्षण | सन्दकपुर ०४ | | प्रदेश सरकार | |
| १४. | ताल पोखरी संरक्षण तथा पूर्वाधार निर्माण | सन्दकपुर ०२ | | प्रदेश सरकार | |
| १५. | जोर पोखरी संरक्षण तथा पूर्वाधार निर्माण | सन्दकपुर ०२ | | प्रदेश सरकार | |
| १६. | माझ पोखरी संरक्षण तथा पूर्वाधार निर्माण | सन्दकपुर ०२ | | प्रदेश सरकार | |
| १७. | भिर गाउँ जमुना झो पु | सन्दकपुर ०५ र ०३ | | प्रदेश सरकार | |
| १८. | हाँडी दह छाँगे र ईनपा ३ सिमाना झो पु | सन्दकपुर ०१ | | प्रदेश सरकार | |
| १९. | आलुबारी किबु टार झो पु | सन्दकपुर ०१ | | प्रदेश सरकार | |
| २०. | मुनतला त्रिवेणी झो पु | सन्दकपुर ०४ | | प्रदेश सरकार | |
| २१. | जोरकटेरी लालिखोला झो पु | सन्दकपुर ०४ | | प्रदेश सरकार | |
| २२. | माबु माईखोला देउसाली गाउँ सुलुवुङ जोड्ने झो पु ७ साविक सुलुबुङ) (जोड्ने | सन्दकपुर ४ र ३ | | प्रदेश सरकार | |

| | | | | | |
|---|---|---|---|---|---|
| २३. | जमुना पाहा खोला रक गाडेन | सन्दकपुर ०५ | | प्रदेश सरकार | |
| २४. | टप्पु प्रतिक्षालय भवन निर्माण | सन्दकपुर ०१ | | प्रदेश सरकार | |
| २५. | पाहाकुर संरक्षण चैते जमुना | सन्दकपुर ०५ | | प्रदेश सरकार | |
| २६. | रेडपाण्डा संरक्षण क्षेत्र चोयाटार | सन्दकपुर ०५ | | प्रदेश सरकार | गाको गौरवका .पा. योजना |
| २७. | हाँडीदह स्नान कुण्ड विकास तथा संरक्षण | सन्दकपुर ०१ | | प्रदेश सरकार | गाको .पा.को गा.पा. गौरवका योजना |
| २८. | खेलमैदान सन्दकपुर ०१ | सन्दकपुर ०१ | | प्रदेश सरकार | गाको गौरवका .पा. योजना |
| २९. | सात खाल्डे सहिद पार्क निर्माण | सन्दकपुर ०१ | | प्रदेश सरकार | गाको गौरवका .पा. योजना |
| ३०. | बृहत माछा पालन पोखरी निर्माण | सन्दकपुर ०१ | | प्रदेश सरकार | |
| ३१. | माङहीम मन्दिर निर्माण | सन्दकपुर ०३ खरीबोटे | | प्रदेश सरकार | |
| ३२. | बिक्रीभिर ढकालटार सापकोटागाउँ हुदौ गैरीगाउँ सडक | सन्दकपुर ३ | | प्रदेश सरकार | |
| ३३. | सुतुलुङ पर्यटकीय क्षेत्र विकास | सन्दकपुर ०३ | | प्रदेश सरकार /SIP | |
| ३४. | समाहाखोला जमुना मावु माईमझुवा देउराली आलुवारी बाघखोर रिङ रोड | सन्दकपुर | | प्रदेश सरकार | |
| ३५. | पाहाखोला मुढे सिचाई आयोजना | सन्दकपुर ०५ | | प्रदेश सरकार /SIP | |
| ३६. | स्वास्थ्य चौकी भवन मर्मत | सन्दकपुर ०३ | | प्रदेश सरकार | |
| ३७. | मावुथाम भ्यूटावर निर्माण | सन्दकपुर ०४ | | प्रदेश सरकार | |
| ३८. | माङ्हीम मन्दिर निर्माण | सन्दकपुर ०४ | | प्रदेश सरकार | |
| ३९. | फाल्गुनन्द किराँत मन्दिर निर्माण | सन्दकपुर ०१ | | प्रदेश सरकार | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४०. | फाल्गुनन्द किराँत मन्दिर निर्माण | सन्दकपुर ०५ | | प्रदेश  सरकार | |
| ४१. | टोड्के झरना मावुथाम पदमार्ग निर्माण | सन्दकपुर ०२ र ०४ | | प्रदेश  सरकार | |
| ४२. | टोड्के झरना टप्पु पदमार्ग्ग | सन्दकपुर २ | | प्रदेश  सरकार | |
| ४३. | छाँगे झरना पूर्वाधार विकास तथा सौन्दर्यकरण | सन्दकपुर १ | | प्रदेश सरकार | |
| ४४. | सन्दकपुर जौवारी नयाँबजार केचना साईक्लिङ मार्ग | ईलाम झापाका विनिन्न स्थानीय तह | | संघ सरकार | |
| ४५. | पाहा खोला मुडे साना सिचाई आयोजना | सन्दकपुर ५ | | प्रदेश सरकार | |
| ४६. | ईङला चामुटार झो पु | सन्दकपुर ५ | | प्रदेश सरकार | |
| ४७. | जौवारी शसस्त्र प्रहरी घेरावारा र चेकपोष्ट निर्माण | जमुना | | प्रदेश सरकार | |
| ४८. | टोड्के माबु झोपु. | सन्दकपुर २ | | प्रदेश सरकार | |
| ४९. | गिताङ्ग खोला झो पु. | सन्दकपुर २ | | प्रदेश सरकार | |
| ५०. | रातेखोला झोपु. | सन्दकपुर २ | | प्रदेश सरकार | |
| ५१. | माईखोला झोपु. | सन्दकपुर २ | | प्रदेश सरकार | |
| ५२. | नेवा खोला झोपु. | सन्दकपुर २ | | प्रदेश सरकार | |
| ५३. | चप्लेटी तिनतले माझतला माईमझुवा सडक | सन्दपकुर ४ | | प्रदेश सरकार | |
| ५३. | ठुलो ढुङ्गा पुङखोला झोपु. | सन्दपकुर ४ | | प्रदेश सरकार | |
| ५४. | किराँत यायोख्खा भवन माबु | सन्दकपुर ४ | | प्रदेश सरकार | |
| ५५. | नाटुनाम पहरछुर्गा गुम्बा | सन्दकपुर ४ | | प्रदेश सरकार | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५६. | माङहिम मन्दिर खरिबोटे | सन्दकपुर३- | | प्रदेश सरकार | |

१८) देहायका विषयहरुमा प्रचलित कानुन अनुसार गाउँपालिका कोषको पुँजीगत रकमबाट खर्च गर्न निषेध गरिएको छ । यसलाई पारित गर्नपेश गरिएको छ ।

- पुँजीगत तर्फको रकम सापटी ल्याई वा रकमान्तर गरि चालू शीर्षकमा वा चालू प्रकृतिको कार्यमा खर्च गर्न  नपाउने तर चालू तर्फ रकम घरभाडा ,विजुली,टेलिफोन,पानीको महशूल,विविध खर्च लगायत मसलन्द खर्च जस्ता चालू प्रकृतिका सबै खर्चहरु बचत रहने देखिएमा पूँजीगत खर्चमा रकमान्तर गर्न सकिने छ ।
- कुनै पनि प्रकारको तलब भत्ता ,बैठक भत्ता ,दैनिक तथा भम्रण भत्ता र कर्मचारी एवम राजनैतिक पदाधिकारी व्यक्तिको पारिश्रमिक तथा कर्मचारी सेवा निवृत हुँदा दिइने सुविधा सम्बन्धी खर्चहरु ।
- विमा, ऋण ,कारोवार,शेयर,लगानी वा बैंकमा मुद्दती वा बचत खातामा रकम जम्मा गर्न ।
- कुनै पनि प्रकारका राजनैतिक दल तथा तीनका भातृ÷भगिनी संगठन,संघसंस्था वा व्यक्ति आदिलाई कुनै पनि किसिमको आर्थिक सहायता प्रदान गर्न ।
- दामासाही वा भागबण्डाको हिसाबले रकम बाँडफाँड गर्न ।
- गाउँसभाबाट बजेट बाँडफाँड गर्दा अवण्डा शीर्षकमा राखी पछि बाँडफाँड गर्न ।
- गाउँसभाबाट निर्णय नभएका कार्यक्रमहरुमा खर्च गर्न ।
- दश जोड दुई तह वा सो भन्दा माथिल्लो तहको विद्यालय वा क्याम्पस खोल्नका लागि धरौटी राख्न ।
- कार्यविधि बाहिर गएर आर्थिक सहायता,चन्दा एवम पुरस्कार सम्बन्धी खर्च गर्न ।
- यस कार्यविधि बमोजिम कार्यक्रम स्वीकृत नभई गत विगत बर्षमा वा यसै आर्थिक बर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएको भनी भुक्तानी माग गरिएको कार्यक्रम ÷आयोजनामा खर्च गर्न ।
- वातावरण संरक्षण ऐन २०५३,“वातावरण संरक्षण नियमावली २०५४” तथा मन्त्रालयबाट स्वीकृत “सामाजिक तथा वातावरणीय सुरक्षाको रुपरेखा” मा उल्लेखित प्रावधानहरुको प्रतिकूल छनौट भएका कार्यक्रम वा आयोजनामा लगानी गर्न पाइने छैन ।

**ख) प्रशासनिक तथा नीतिगत निर्णयहरुः**

१९) गाउँपालिकाको स्वामित्व तथा संरक्षणमा रहेका देहायका सार्वजनिक मठ, मन्दिर,गुम्बा,चर्च मस्जिद, पाटी, पौवा,प्राचीन स्मारक, तालतलैया, पार्क, पर्ति जग्गा, सार्वजनिक जग्गा, देवालय, जनावर, चराचुरुङ्गी, खोलानाला तथा अन्य सार्वजनिक सम्पतिहरुको अभिलेख तथा संरक्षण गर्ने भनी गाउँसभामापेश गरिएको छ ।

| सि.नं. | सार्वजनिक सम्पतिको नाम | सार्वजनिक सम्पतिको संक्षिप्त विवरण | सार्वजनिक सम्पति रहेको स्थल |
|---|---|---|---|
| १ | माईपोखरी रामसार क्षेत्र | पहाडी क्षेत्रको पहिलो रामसार क्षेत्रमा सुचीकृत क्षेत्र,नेपालको सुदुर पूर्व पहाडी क्षेत्रको ऐतिहासिक धार्मिक तथा पर्यापर्यटकिय क्षेत्र | सन्दकपुर १ र ३ |
| २ | सन्दकपुर | सुर्योदयको दृष्य ,कन्चनजंघा र सगरमाथा र ६ वटा ८००० मि. भन्दा अग्ला हिमालको दृष्य अवलोकन | सन्दकपुर ४ र २ |

| | | | |
|---|---|---|---|
| ३ | डम्बरसिंह सुनुवारद्धारा निर्मित मूर्ति र उद्यान | ऐतिहासिक सत्यतथ्य घटनाक्रममा आधारित भई बनाईएका कालकृतिहरु | सन्दकपुर १ |
| ४. | टोड्के झरना | ईलामकै पहिलो लामो झरना | सन्दकपुर २ |
| ५ | छिन्टापु | १४ जिल्लाको सदरमुकाम र धैरे हिमालहरु एकै ठाँउवाट देख्न सकिने मामोहक ठाउँ | सन्दकपुर १ र २ |
| ६ | हांगेथाम | दुर्लव चराचुरुङगी | सन्दकपुर ५ |
| ७ | सातखाल्डे सहिद पार्क | तत्कालिन राज्य व्यवस्था परिवर्तनका लागि बलिदान दिने अमर सहिदरुको स्मरणमा निर्मित पार्क | सन्दकपुर १ |
| ८ | ढापपोखरी | दृष्य अवलोकन तथा मानव निर्मित इलामको ठूलो ताल | सन्दकपुर ५ |
| ९ | सामुदायिक वनहरु | पर्यावरणिय सन्तुलनमा भुमिका र स्थानिय आर्थिक स्रोतको क्षेत्र | गा.पा भरिका |
| १० | मावुथाम | रेडपाण्डाको प्राकृतिक बसोवासको लागि प्रख्यात | सन्दकपुर ४ |
| ११ | सिमा पिल्ल्र नं. ५७।३ देखि ६३ सम्मको जंगे पिल्लर र सहायक पिल्लर गरि जम्मा २८ वटा | दुई देश विचको अन्तराष्ट्रिय सिमाङ्कन | नेपाल र भारत सिमामा रहेका |
| १२ | महेश्वर (सन्तानेश्वर) महादेव | माईपोखरीको उत्तर पुर्वी दिशामा रहेको मुख्य प्रवेशद्धार ,नौकुनाको पहिलो कुनामा अवस्थित शक्तिशाली महादेवको प्रतिमा, प्राकृतिक रुपमै कुदिएको मुर्ति । | सन्दकपुर १ र ३ |
| १३ | चोयाटार | रेडपाण्डाको प्राकृतिक बसोवासको लागि प्रख्यात | सन्दकपुर ५ |
| १४ | बौद्ध गुम्वा | बौद्ध धर्मको धरोहर साथै शन्तिको प्रतिक | सन्दकपुर ४ |
| १५ | लालबास पोखरी | सुन्दर पोखरी दृष्य अवलोकन | सन्दकपुर ४ |
| १६ | तालपोखरी | कञ्चनजंघाको छाँया देखिने मनोरम पोखरी | सन्दकपुर २ |
| १७ | फुर्से पोखरी | फोहोर नहुने अनौठो दृष्य | सन्दकपुर २ |
| १८ | श्रीहाङगजी गुफा | विसाल गुफा | सन्दकपुर ४ |
| १९ | कैलाशेश्वर धाम | चारधामको अदभुत एतिहासिक दृष्य | सन्दकपुर ४ |
| २० | शंखेढुगां | दुर्लभ दाहीने शंखको दृष्य | सन्दकपुर २ |
| २१ | सुतुलुङ ढुङगा | सुत्केरीले गाडेको ढुङगा | सन्दकपुर ३ |
| २२ | माङमालुङ ढुङगा | १८० फुट अग्लो ढुङगा | सन्दकपुर २ |
| २३ | लुमचोक | अतभुत दृष्य देखीने ठाँउ | सन्दकपुर २ |
| २४ | विखे भन्ज्याङ | कञ्चनजंघा हिमाल र रेडपाण्डाको अवलोकन | सन्दकपुर १ |
| २५ | टप्पु | प्यारा ग्लाईडिङ तथा चिडियाखाना स्थल | सन्दकपुर १,२ र ३ |
| २६ | जैवारी आलुविकास क्षेत्र | १३६ जातीका आलु उत्पादन क्षेत्र | सन्दकपुर ५ |
| २७ | वनझाक्री गुफा नक्कले | आक्रशक जाँतो भएको | सन्दकपुर ३ |

| | | | |
|---|---|---|---|
| २८ | चमेरे गुफा | धेरै प्रकारका चमेराको वासस्थान | सन्दकपुर ४ |
| २९ | चमेरे गुफा | धेरै प्रकारका चमेराको वासस्थान | सन्दकपुर १ |
| ३० | हाँडीदह स्नान कुण्ड | छाला जन्य रोगहरु निधान हुने पानी पाईने | सन्दकपुर १ |
| ३१ | चन्द्रपाल थेवे ढाप पोखरी जमुना | मानव निर्मित पोखरी,पर्यापर्यटनको लागि प्रख्यात | सन्दकपुर ५ |
| ३२ | सवै वडाका खेलमैदानहरु | स्वस्थ्य र खेलकुद विकास | सवै वडा |
| ३३ | गाउँपालिकाका जग्गाहरु | सरकारी सम्पतिको महत्वपूर्ण अंग | गा.पा र स्वास्थ्य चौकी समेत |
| ३४ | डुप्दे छेन्पो नोदेन नमगेलिङ्ग साधना केन्द्र,माबु | वौद्ध धर्मवालम्भीहरुको लामागुरुहरुले साधना गर्ने (डुखाङ्ग) पवित्र ध्यान केन्द्र जुन वि.स २०५४ मा स्थापना भई हालसम्म तीन वर्ष तीन महिना तीन दिने डुखाङ्ग १३ जना लामाले बसेको छ। | सन्दकपुर ४ |
| ३५ | ठकठके | लोपन्मुख उभयचर र सरिसृप प्रजातिको गोहोरो जुन यस माईपोखरी आसपास पाईने गरिन्छ। | माईपोखरी र माईपोखरी क्षेत्र आसपास |
| ३६ | गलैचे इ्याउ ( क्उजबनलगm ल्भउबभिलकभ ) | विश्वकै एकमात्र स्थान माईपोखरीमा मात्र पाईने लोपन्मुख प्रजातिको रैथाने इ्याउ | माईपोखरी |
| ३७ | रेडपाण्डा | लोपन्मुख जनावर | सन्दकपुर १,२,४ र ५ को माथिल्लो भेगमा |
| ३८ | होङ्गायो | लोपन्मुख प्रजातिको चरा | माईपोखरी आसपास |
| ३९ | काडेभ्याकुर | नेपालमा मात्र पाईने चरा | माईपोखरी आसपास |
| ४० | मनपाहा | औषधिजन्य लोपन्मुख भ्यागुता प्रजातिको जिव | सन्दकपुर,हागेथाम,जमुना,पाहाखोला,छिन्टप्पु र गोरुवाले क्षेत्र |
| ४१ | डाईइमन्ड ढुङ्गा | रातेखोला विचमा अवस्थित हिरा आकारको बढेमानको शिला | सन्दकपुर २ |
| ४२ | दुर्लभ भोटे कुकुर | सन्दकपुरको उच्च पहाडी क्षेत्रमा पाईने लोपन्मुख प्रजातिको कुकुर | गा.पा भरि रहेका |
| ४३ | माईखोला,पुवाखोला, जोगमाईखोला, इङ्गला खोला, धुवाखोला, राते खोला, मेवा खोला, गिताङ्ग खोला, पाहाखोला | जैविक विविधता र अर्थउपार्जनको महत्वपूर्ण स्रोत | गा.पा भरिका |

२०) गाउँपालिकामा सन्दकपुर गाउँ यातायत योजनामा उल्लेख भएका सडकहरुको चौडाई कायम गरी गाउँ यातायत गुरु योजना कार्यान्वयन गर्ने निर्णयका लागि पेश गरिएको छ साथै मुख्य सडकहरुलाई सडक वीचबाट १० मिटर र शाखा बाटाहरुलाई ७ मिटर र कृषि सडकहरुलाई ७ मिटर बाटोको अधिकार क्षेत्र कायम गर्ने प्रस्ताव गाउँसभामा पेश गरिएको छ।

२१) नेपाल सरकारद्धारा जारी दैनिक भ्रमण भत्ता नियमावली बमोजिम संसोधित रकम नै काज खटि जाने पदाधिकारी/कर्मचारीहरुलाई उपलव्ध गराउने कुनै पनि प्रकारको तलब भत्ता, बैठक भत्ता, दैनिक तथा भम्रण भत्ता र कर्मचारी एवम राजनैतिक पदाधिकारी

व्यक्तिको पारिश्रमिक तथा कर्मचारी सेवा निवृत हुँदा दिइने सुविधा सम्बन्धी खर्चहरु प्रचलित कानून अनुसार हुने प्रस्ताव गाउँसभामापेश गरिएको छ।

२२) गाउँ कार्यपालिका कार्यालयको स्वामित्वमा रहेका खर्च नभएर जाने चलअचल सम्पतिलाई संरक्षण गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिने प्रस्ताव गाउँसभामा पेश गरिएको छ।

२३) यस गाउँपालिकामा पूर्वाधार विकास योजना संचालन गर्दा दिगो,गुणस्तरीय र वातावरणीय मैत्री पक्षमा जोड दिने निर्णय पारितका लागि पेश गरिएको छ।

२४) गाउँपालिका विकास योजना संचालन तथा व्यवस्थापन लैंगिक तथा सामाजिक समावेशी समुदाय लाभान्वित हुने गरि संचालन गर्ने प्रस्ताव गरिएको छ।

२५) प्रत्येक आयोजनाको सम्बन्धित कार्यान्वयनकर्ताले आयोजना स्थलमा नै सार्वजनिक परिक्षण गरेपछि मात्र अन्तिम किस्ता भुक्तानी दिन तथा सामाजिक परिक्षण र सार्वजनिक सुनुवाई कार्यक्रम संचालनका लागि योग्य व्यक्ति वा संस्था छनौट गरि कार्यक्रम संचालन गर्न प्रस्ताव गरिएको छ।

**ग) सुशासन तथा सार्वजनिक वित्तिय व्यवस्थापन:**

१) गाउँपालिकामा सुशासन कायम गर्नका लागि वित्तिय सुशासन जोखिम न्यूनीकरण कार्ययोजना निर्माण गरि लागू गर्न निर्देशन दिने साथै कर्मचारीहरुलाई उच्च मनोवलका साथ कार्य गर्ने गराउने किसिमको प्रोत्सहानको व्यवस्था समेत गरिने तथा दण्ड पुरस्कारको नीतिलाई पूर्णरुपमा कार्यन्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई पूर्ण अधिकार प्रदान गरिने प्रस्ताव गरिएको छ। साथै यस अघि स्वीकृत भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार कर्मचारीहरुको पदपूर्ति गर्ने प्रस्ताव गरिएको छ।

२) गाउँपालिकाको लागि राजश्व प्रक्षेपण प्रतिवेदन कार्यान्वयन गर्न निर्देशन दिन प्रस्ताव गरिएको छ।

३) गाउँपालिकाको अन्तिम लेखा परिक्षण प्रतिवेदन उपर छलफल गर्न र देखिएका बेरुजुहरुलाई नियमित असुली गर्न प्रमूख प्रशासकीय अधिकृतलाई कानुन अनुसार जिम्मेवारी बनाई काडाईका साथ कार्यान्वयन गर्नको लागि प्रस्ताव गरिएको छ । साथै आन्तिरिक लेखा परिक्षणबाट आउने बेरुजूलाई अन्तिम लेखा परिक्षण अगावै फर्छौट गर्नु पर्नेछ। यसरी योजनाहरु वा उपभोक्ता समूह वा लाभग्राही वा कुनै व्यक्तिको नाममा रहेको बेरुजु फर्छौट नगरी नयाँ कार्यको लागी सुरुवाती गर्न अनुमति नदिनका लागि प्रस्ताव गरेको छु। नयाँ कार्यदेशको लागि आ.ले.प शाखाबाट बेरुजू फर्छौट भएको प्रमाण पेश गर्नु पर्ने प्रस्ताव गरिएको छ।

४) राजश्व बाँडफाडवाट सेवा सुविधा लिने गाउँपालिकाका फिल्ड भत्ता नपाउने कर्मचारीहरुलाई प्रोत्सहान स्वरुपको एक महिना वरावरीको सेवा सुविधा औषधी उपचार खर्चवापत उपलव्ध गराउने प्रस्ताव गरिएको छ। सिभिल प्राविधिकहरुको हकमा एक मुष्ठ फिल्ड भत्ता, सवारी साधन र ईन्धन सम्बन्धी सुविधाहरु प्रचलित कानुन वा गाउँपालिकाले बनाएको कार्यविधि अनुसार दिईने र शसर्त अनुदानबाट सेवा सुविधा लिने प्राविधिक कर्मचारीहरुको हकमा नियम अनुसार फिल्ड भत्ता र अन्य सुविधा उपलब्ध भईरहेको र नभएमा स्वास्थ्य सेवाका फिल्ड भत्ता प्राप्त नगर्ने कर्मचारीहरुलाई माथी उल्लेख भएअनुसार भुक्तानी हुने प्रस्ताव गरिएको छ। संघीय सरकारका कर्मचारीलाई प्रोत्सहान वापत बढीमा पचास प्रतिशत प्रोत्सहान भत्ता उपलब्ध गराउनर गापाका अन्य कर्मचारीहरुको हकमा कार्यविधि बमोजित गर्न यस गाउँसभामा प्रस्ताव गरिएको छ।

६) प्रत्येक योजनाको मर्मत सम्भार ४ प्रतिशत,प्रशासनिक खर्च रकम ३.५ प्रतिशत कट्टा गरि गर्न र जुन मर्मत संभारमा कार्यालय सामान, फिल्ड भत्ता र अन्य आवश्यक औजार उपकरणमा खर्च गर्न प्रस्ताव गरिएको छ।

७) गाउँपालिकाका लागि देहायको आन्तरिक क्षमता विकास तालिम तथा गोष्ठी संचालनको खर्च मापदण्ड (Expenditure Norms for Internal Training) स्वीकृतिका लागि प्रस्ताव पेश गरेको छु।

| सि.नं. | विवरण | परिमाण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रस्तावना लेखन | १ | नियमानुसार | |
| २ | व्यानर लेखन | १ | १२०० देखि ३०००। | आकार अनुसार |

| | | | | |
|---|---|---|---|---|
| ३ | परिवहन प्रशिक्षक प्रति दिन | १ | नियमानुसार | |
| ४ | अधिकृत स्तर | १ | नियमानुसार | |
| ५ | सहायकस्तर | १ | नियमानुसार | |
| ६ | डायरी | १ | २०० । | प्रतिगोटा |
| ७ | स्पाइरल | १ | ८०। | प्रतिगोटा |
| ८ | पाइलट पेन | १ | १८०। | प्रतिगोटा |
| ९ | डट्पेन | १ | २०। | प्रतिगोटा |
| १० | कार्डवोड | १ | २०। | प्रतिगोटा |
| ११ | सेतो कागज | १ | १०। | प्रतिगोटा |
| १२ | सेल्लो टेप | १ | ३०। | प्रतिगोटा |
| १३ | मास्केटिङ टेप | १ | ६०। | प्रतिगोटा |
| १४ | बेण्डिङ टेप | १ | २५०। | प्रतिगोटा |
| १५ | मार्कर पेन | १ | ७५ । | प्रतिगोटा |
| १६ | बोर्डमार्कर | १ | ९०। | प्रतिगोटा |
| १७ | पंचिङ मेसिन | १ | ३५०। | प्रतिगोटा |
| १८ | स्टिच मेसिन | १ | १५०। | प्रति गोटा |
| १९ | स्टिचपीन | १ | २०। | प्रति डव्वा |
| २० | स्केल | १ | ४०। | प्रतिगोटा |
| २१ | सहभागी व्यक्तिलाई खाजा | १ | अधिकतम २००। | प्रति व्यक्ति |
| २२ | खाना सहभाग ी | १ | अधिकतम ३५०। | प्रतिव्यक्ति |
| २३ | सहभागि यातायात खर्च नजिक | १ | ५००। | प्रति व्यक्ति |
| २४ | सहभागि यातायात खर्च टाडा | १ | ८००। | प्रति व्यक्ति |

| | | | | |
|---|---|---|---|---|
| २५ | कार्यक्रम सहायक | ल.स. | १५००। | प्रति व्यक्ति |
| २६ | कार्यक्रम सहयोगी | ल.स. | १०००। | प्रति व्यक्ति |
| २७ | संचार खर्च | | २०००। | लस. |
| २८ | प्रतिवेदन तयारी खर्च | १ | नियमानुसार | |
| २९ | भाडा तथा विविध | | १५००। | लस. |
| ३० | फोटोकपि खर्च | | ५०००। | लस. |
| ३१ | दैनिक भ्रमण भत्ता | | नियमानुसार | प्रतिदिन प्रति व्यक्ति |
| ३२ | गाडी भाडा | | ७०००।०० | प्रतिदिन |

८) गाउँपालिकाबाट पेश्की लिई हालसम्म पनि पेश्की फछर्योट नगर्ने व्यक्ति संघ संस्थाहरुलाई अविलम्ब पेश्की फछर्योट गर्ने ताकेता गर्न अन्यथा कानुन बमोजिमको कारवाही गर्न कार्यालयलाई निर्देशन दिने प्रस्ताव गरिएको छ।

९) गाउँपालिकाको कार्यालयले रेडपाण्डा नेटवर्क नेपाल, अन्य साझेदारी संस्थाहरुसंग भएको सम्झौता बमोजिम आगमि आ.व.२०८२/०८३ को लागि कार्यक्रम स्वीकृत गरि कार्यान्वयन गर्ने प्रस्ताव गरिएको छ । साथै जिल्ला रेडक्रस, मेडिक मोवाइल नेपाल,सहकारी संस्थाहरु र अन्य साझेदारी संस्थाहरुले पेश गरेको कार्यक्रम अध्ययन गरि कार्यक्रम संचालनको वातावरण गाउँपालिकाले समन्वयात्मक भूमिका खेल्ने प्रस्ताव गरिएको छ ।

१०) गाउँपालिकाको, विभिन्न समिति ,वडा समितिको वैठकमा सहभागी कर्मचारीलाई प्रति बैठक माथिल्लो सरकारको नियमानुसार भत्ता दिने प्रस्ताव गरिएको छ।

११) गाउँ कार्यपालिकाले गरेका निर्णयहरु, राजश्व सम्वन्धि समिक्षा, बार्षिक भौतिक तथा आर्थिक प्रगति समिक्षा र हाल सम्मको कागजात पुगेका नियमसम्मत फर्छौट हुने वेरुजूहरुलाई फर्छौट गर्ने प्रस्तावलाई यस सन्दकपुर गाउँपालिकाको दोस्रो गाउँसभाको सत्रौं अधिवेशनबाट पारितका लागि प्रस्ताव पेश गरिएको छ।

**धन्यवाद**

**हरि बहादुर लुङ्गेली**
**उपाध्यक्ष**